म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १०१ बिहीबार ६ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 21 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मकवानपुरमा थपिए १६ जना डेंगु संक्रमित

हेटौंडा, ४ मंसिर/मकवानपुरमा पछिल्लो २४ घण्टामा १६ जना डेंगु संक्रमितका बिरामी फेला परेका छन् । जनस्वास्थ्य कार्यालय मकवानपुरका अनुसार हेटौंडा उपमहानगरपालिमा ८ जना, कैलाश गाउँपालिकामा १ जना, मनहरी गाउँपालिकामा ६ जना र हाल ठेगाना नखुलेका १ जनामा डेंगु संक्रमणका बिरामी थपिएका हुन् । जिल्लामा डेंगु संक्रमितको कुल संख्या गत साउनदेखि बुधवारसम्म २ हजार १०२ जना पुगेको छ । जसमा १ हजार ८९ पुरुष र १ हजार १३ महिला रहेका छन् । संक्रमित हेटौंडा उपमहानगरमा १ हजार ६७९ जना, थाहा नगरपालिकामा १३ जना, मकवानपुरगढी गाउँपालिकामा ४७ जना, बागमती गाउँपालिकामा ३ जना, कैलाश गाउँपालिकामा ९ जना रहेका छन् । मनहरी गाउँपालिकामा २१० जना, भीमफेदी गाउँपालिकामा ३५ जना, बकैया गाउँपालिकामा २३ जना, राक्सिराङ गाउँपालिकामा ६ जना, हाल ठेगाना नखुलेका ३९ जना, अन्य जिल्लाका ३८ जनामा डेंगु संक्रमण पुष्टि भएको जनस्वास्थ्य कार्यालयले जानकारी दिएको छ । जिल्लाको उत्तरी क्षेत्रस्थित इन्द्रसरोवर गाउँपालिकामा भने हालसम्म डेंगु संक्रमितका बिरामी नभेटिएको कार्यालयले जनाएको छ ।

# सुँघेरै जडिबुटी चिन्छन् दृष्टिविहीन बजगाईं

अशोक बजगाईं





हेटौंडा, ५ मंसिर/ मकवानपुरगढी गाउँपालिका-६ बाग्दली निबासी केदार बजगाईंका आँखामा जन्मजात नै समस्या थियो । तर, आफूले आँखाको ज्योति नै गुमाउनुपर्छ भन्ने कहिल्यै सोचेका थिएनन् उनले । एकदिन यस्तो कहालीलाग्दो समय आयो । केदारको आँखाको ज्योति अन्ततः मन्द हुँदै गयो, र उनका आँखा बन्दै भए ।

बजगाईले रातदिन सोच्न थाले, 'मेरो आँखाले संसार देख्न सक्दैन भने म के गर्न सक्छु ?' यो सोचले उनको मनलाई चर्को पीडा दियो । उनी पराजित भइ सबै कुरामा असफल भएको महसुस गर्दै थिए । तर, केदारले हिम्मत भने हारेनन् । आफूले संसार देख्न नसकेपछि उनी आफू जस्तै साथीहरुको खोजीमा लागे र दृष्टिविहीनहरुको संस्थामा पुगे ।

त्यहाँ पुगेपछि उनको मन केही सम्हालियो । दृष्टिविहीन साथीहरुसँग उनी राष्ट्रिय अपाङ्ग महासंघमा पुगे जहाँ थुप्रै अपाङ्ग साथीहरुलाई भेटे र सहानुभूति पनि पाए । आफ्नी श्रीमतीसँग राष्ट्रिय अपाङ्ग महासंघमा अपाङ्ग साथीहरु भेट्न पुगेका बजगाईंलाई त्यहाँका साथीहरुको अवस्था थाहा पाएपछि सम्हालिन सजिलो भएको बताए । त्यसपश्चात बजगाईको मन बलियो भयो । उनले केही गर्नुपर्छ भन्ने सोचका साथ अगाडि बढ्ने सोचे ।

विसं २०१८ सालमा ललितपुरको खरीडाँडामा जन्मिएका बजगाई २०२८ सालमा १० वर्षको उमेरमा परिवारका साथ मकवानपुरको बाग्दली आएका थिए । आँखाको ज्योति गुमाउनु अगावै उनी जडीबुटी खेती र जडीबुटीको औषधिहरु बनाउने काम गर्थे । हजुरबुबाहरु मदनबहादुर बजगाईं र गंगाबहादुर बजगाईबाट जडीबुटीबारे बाल्यकालदेखि नै ज्ञान लिएका उनले जडीबुटीमै भविष्य देखे । जडीबुटीको संकलन गर्दै आफ्नो बाग्दलीमा रहेको जग्गामा रोप्न थाले अनि औषधि बनाएर बिक्री पनि गरे ।

यसरी काम गरेको केही वर्ष बित्न नपाउँदै उनका कमजोर आँखाका ज्योति नै गए । आँखाका ज्योति गुमे पश्चात उनले जडीबुटी रोप्ने र औषधि बनाउने काम गर्न सकेनन् । आँखाको ज्योति गुमेपछि चिन्तित बजगाईलाई उनको श्रीमतीले कहिल्यै साथ छाडिनन् । श्रीमतीको साथ र अन्य दृष्टिविहीनको सहयोगले उनलाई फेरि हौसला प्रदान गऱ्यो र उनी पुनः जडीबुटीको औषधि बनाउनतिर लागे । उनले जडीबुटीको औषधि मात्र बनाएनन् अन्य दृष्टिविहीन साथीहरुलाई साथमा लिएर अचार उत्पादनतर्फ पनि लागे । हाल हेटौडा उपमहानगर पालिका कमाने-८ मा दृष्टिबिनहरुको संस्था स्थापना गरेर उनले अचार र मसला उत्पादन गर्दै बजारीकरण गरिराखेका छन् ।

लामो समयदेखि जडीबुटी सम्बन्धी ज्ञान राख्दै आएका बजगाईंले ग्यास्टिक, अल्सर, पाइल्स, सुगर, दम, डायरिया लगायत घाँटीसम्बन्धी रोग, पेटसम्बन्धी रोग, पाठेघर सम्बन्धी रोग, प्रोस्टेटसम्बन्धी रोग आदिको लागि जडीबुटी औषधि तयार पार्छन् । 'जडीबुटी प्राकृतिको देन हो, कतिपय जडीबुटी हाम्रै वरि परि नै पाइने भएपनि त्यसलाई हामीले पहिल्याउन सक्दैनौं जडीबुटीको नकारात्मक असर भन्दा पनि सकारात्मक पक्ष धेरै छ । निरोगीले अन्य जडीबुटी खान मिल्छ, बकाइनो र निम भने धेरै खानाले शरीरमा नकारात्मक असर पर्छ' उनले भने ।

बजगाईंले अगाडि भने- 'यी जडीबुटीहरु केमिकलरहित हुन् कतिपय औषधिहरु पिनेर राख्दा बिग्रन सक्छ । घरमै सबै सामानहरु भएपछि औषधि आवश्यक पर्ने बेलामा मात्रै बनाउँछौं । हामी औषधि तयार पारेर राख्दैनौं । कसैले आवश्यक पऱ्यो भनेपछि मात्र बनाइदिन्छौं । प्रायः प्रयोगमा आइर हने ग्यास्ट्रिकको औषधि भने हामीले अतिरिक्त बनाएर राख्ने गर्छौं' ।

मकवानपुर नेत्रहिन सघंको अध्यक्ष समेत रहेका बजगाईले १०८ थरिका जडीबुटी संकलन गर्दैछन् । जसबाट बन्ने औषधिले जुनसुकै रोगको लागि पनि काम गर्ने बताउँछन् । आँखा नदेख्ने बजगाईंले जडीबुटीहरु छामेर र सुँघेर पत्ता लगाउँछन् । जडीबुटीहरु पिस्नेदेखि लिएर प्याक गर्नेसम्म गर्छन् उनी । उनले औषधिको बट्टा पत्ता लगाउनको लागि ब्रेललिपिबाट लेखेको कागजलाई बट्टामा टास्ने गर्छन् । घरमा कोही नभएको बेला औषधि किन्न ग्राहक आउने र आफूलाई चिन्न सजिलो होस् भनेर यसरी राखेको उनले बताए ।

ब्रेललिपि दृष्टिविहीनले पढ्ने भाषा हो । उनले आँखाको ज्योति गुमाइसकेपछि बुढेसकालमै भएपनि ब्रेललिपि सिकेको उनले बताए । तीन छोरा र तीन छोरीका धनी बजगाईले कसैको सहारा लिँदैनन् । उनी एक्लै श्रीमतीका साथ हेटौडाको कमानेमा डेरा गरी बस्छन् । दृष्टिविहीन साथीहरुको सरसंगत मिल्ने र आफूले उत्पादन गरेको अचार तथा जडीबुटी बजारीकरण गर्न सजिलो हुने भएकाले डेरा गरी बसेको बताए ।

मकवानपुरमा रहेका सम्पूर्ण दृष्टिविहीनको आँट, साहस र हौसलाको प्रतीक बनिरहेका बजगाईले आफूसँगै अन्य २८ जना दृष्टिविहीनलाई डोऱ्याइराखेका छन् । केदार बजगाईंको संघर्ष र साहसले हामीलाई जीवनका कठिनतम परि स्थितिमा पनि आशा र दृढता नगुमाउने प्रेरणा दिन्छ । आँखाको ज्योति गुमाएपछि पनि उनले आत्मसमर्पण नगरेर जडीबुटी उत्पादन र अन्य दृष्टिविहीन साथीहरुसँगै उद्यमशीलतातर्फ अघि बढे । आफ्नो काम र संघर्षको माध्यमबाट उनले केवल आफ्नो जीवनमा मात्र सुधार ल्याएनन्, बरु अरुलाई पनि सशक्त बनाउने बाटो खोलिदिए ।

उनको यात्रा अझै जारी छ । उनीसँगै हेटौंडामा रहेका अन्य दृष्टिविहीन साथीहरु पनि आफ्नो भविष्यलाई नयाँ दिशा दिइरहेका छन् । केदारको साहस र संघर्षले प्रस्ट्याइदिएको छ कि 'मनमा दृढ इच्छाशक्ति हुने हो भने कुनै पनि अड्चनलाई पार गर्दै जीवनमा सफलताको शिखर चुम्न सकिन्छ ।' संघर्षमा रमाउने बजागाईंको पछिल्लो दिनचर्यालाई नजिकबाट नियाल्ने हो भने सहज जिन्दगी बिताउने प्रेरणा मिल्ने छ ।

# बागमतीमा धान उत्पादन घट्ने अनुमान



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ बागमती प्रदेशमा यसवर्ष मंसिरे धानको उत्पादन घट्ने अनुमान गरिएको छ । गत असोज १० र १२ गतेको भीषण वर्षापछिको बाढी पहिरोले पुऱ्याएको क्षतिका कारण धान उत्पादन घट्ने अनुमान गरिएको हो ।

बाढीपहिरोका प्रदेशका कारण विभिन्न जिल्लामा पाँच हजार हेक्टर क्षेत्रफलभन्दा बढी क्षेत्रमा धानबालीमा क्षति भएका कारण उत्पादन भने घट्ने प्रदेश कृषि मन्त्रालयको अनुमान छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका प्रवक्ता सुजन कँडेलले समयमै पानी परेर समयमै रोपाईं हुन पाएका कारण यसवर्ष धान उत्पादन बढ्ने अनुमान गरेको भएपनि बाढी पहिरोले क्षति गरेका कारण धान उत्पादन घट्नसक्ने बताए ।

बाढीपहिरोले प्रदेशका विभिन्न जिल्लामा धानखेतीमा ठुलो क्षति पुगेको उनको भनाइ छ । बागमती प्रदेशका १३ जिल्लाको एक लाख ११ हजार ३५१ हेक्टर क्षेत्रफलमा धान रोपिएकोमा बाढीपहिरो काकारण ५ हजार ५०३ हेक्टर क्षेत्रफलमा लगाइएको धानबाली नष्ट भएको कँडेलले बताए । गतवर्ष बागमती प्रदेशमा १ लाख ४ हजार ८४९ हेक्टर क्षेत्रफलमा धानखेती गरिएकोमा ४ लाख ३५ हजार मेट्रिकटन धान उत्पादन भएको थियो ।

मन्त्रालयका अनुसार प्रदेशको मकवानपुर, नुवाकोट, ललितपुर, काभ्रे, रामेछाप, सिन्धुली, धादिङलगायत जिल्लामा बाढी पहिरोले सबैभन्दा बढी धानबालीमा क्षति पुऱ्याएको थियो । सबैभन्दा बढी मकवानपुरमा २ हजार ९०२.८३ हेक्टरमा लगाइएको धानखेतीमा क्षति पुगेको मन्त्रालयको तथ्यांक छ । यस्तै सिन्धुलमा ८५५, काभ्रेमा ६०२.१, ललितपुरमा २११.५, नुवाकोटमा १९८.२२५, धादिङमा १८४ र रामेछापमा १५७.५५ हेक्टर क्षेत्रफलमा लगाइएको धानखेती बाढी पहिरोले क्षति गरेको बताइएको छ ।

मकवानपुरमा धान रोपाईं हुने कुल २४ हजार २४७ हेक्टर क्षेत्रफलमा शतप्रतिशत धान रोपाईं भएको थियो भने सिन्धुलीमा ११ हजार ८८, काभ्रेमा ९ हजार ९४७, ललितपुरमा ४ हजार १६३, नुवाकोटमा ११ हजार १०९, धादिङमा ११ हजार ३१२, रामेछापमा ७ हजार ८५९ हेक्टर क्षेत्रफलमा धान रोपाईं गरिएको थियो । प्रदेशका सबैभन्दा बढी धानखेती हुने चितवनमा बाढीपहिरोले कम क्षति पुगेको छ ।

चितवनमा यसवर्ष २४ हजार २४७ हेक्टर क्षेत्रफलमा धानखेती भएकोमा ४५ हेक्टर क्षेत्रफलको धानखेतीमा क्षति पुगेको बताइएको छ । ३ हजार ७१९ हेक्टरमा धानखेती भएको भक्तपुरमा ८५, १ हजार ४९ हेक्टर धानखेती भएको रसुवामा ६.५ र २ हजार ८१४ हेक्टर क्षेत्रफलमा धानखेती भएको दोलखामा ४ हेक्टर क्षेत्रफलको धानखेतीमा क्षति पुगेको छ । यस्तै सिन्धुपाल्चोकमा ८ हजार ५७३ हेक्टर क्षेत्रफलमा धानखेती भएकोमा त्यहाँ भने कुनै क्षतिको विवरण नआएको मन्त्रालयले बताएको छ ।

# डिपाड सामुदायिक वनको बजेट तीन करोड बढी




साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका-६ स्थित डिपाड सामुदायिक वन उपभोक्ता समूहको बजेट ३ करोड रुपैयाँभन्दा बढी रहेको छ ।

बुधवार १८ औं वार्षिक साधारणसभामा चालू आर्थिक वर्ष २०८०/८१ का लागि समूहले ३ करोड रुपैयाँभन्दा बढीको अनुमानित आम्दानी र खर्च सार्बजनिक गरेको हो । समूहले गत आर्थिक वर्ष अर्थात २०८०/२०८१ मा ३ करोड ३४ लाख ३१ हजार २ सय ५७ रुपैयाँको आम्दानी खर्च विवरण प्रस्तुत गरेको थियो ।

साधारणसभामा बोल्दै मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगरले वनक्षेत्रको विकासमा सामुदायिक सहभागिता बृद्धि हुने सुखद् रहेको बताइन् । समूहका अध्यक्ष डम्बरबहादुर मुक्तानको सभाध्यक्षतामा साधारणसभा भएको हो । समूहले शिक्षा, स्वास्थ्यलगायत विकास निर्माणका काममा पनि लगानी गरि रहेको जनाएको छ ।

कार्यक्रममा मनहरी गाउँपालिका वडा नं ६ का अध्यक्ष युवराज थपलिया, सव डिभिजन वन कार्यालय मनहरीका अधिकृत रुपककुमार ब्लोन, सुनाचुरी सामुदायिक वन उपभोक्ता समूहका सचिव रमेश कार्की, सामुदायिक वन उपभोक्ता महासंघ मनहरीका अध्यक्ष तथा पशुपति सामुदायिक वन उपभोक्ता समुहका अध्यक्ष रघुनाथ रुम्बा, मनकामना सामुदायिक वन उपभोक्ता समूह मनहरी-७ का अध्यक्ष सुरेशकुमार मोक्तान, रमन्टार डिपाड बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष उमेश मुक्तान, सामाजसेवी, आशमान मोक्तान, हरिचन्द्र शाहीठकुरी, क्षेत्रबहादुर मोक्तानलगायतको उपस्थिति रहेको थियो ।

# वन क्षेत्रमा बनेका संरचना हटाइने

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ मनहरी गाउँपालिका-७ स्थित मनकामना सामुदायिक वन उपभोक्ता समूहको क्षेत्रमा पर्ने राष्ट्रिय रोटरी माध्यमिक विद्यालयदेखि निर्मल बस्तीसम्मका अतिक्रमित जग्गामा बनेका संरचना भत्काइने भएको छ ।

वन समूहले मंसीर ५ गते आयोजना गरेको सर्बपक्षीय छलफलमा सहभागीहरुले अतिक्रमित संरचना हटाउने निर्णय गरेको हो । छलफलमा मनकामना सामुदायिक वन उपभोक्ता समूहका पदाधिकारीहरु, ७ नं वडाका जनप्रतिनिधिहरु डिभिजन वन कार्यालय राप्ती, सव डिभिजन वन कार्यालय मनहरी, इलाका प्रहरी कार्यालय मनहरी, शसस्त्र प्रहरी आइआरटी पोष्ट लच्का, मकवानपुर उद्योग वाणिज्य संघ, राजनीतिक दलका प्रतिनिधि, पत्रकार तथा सरोकारवालाको सहभागिता रहेको थियो ।

सर्बपक्षीय अनुगमन टोली अतिक्रमित क्षेत्रमा अवलोकनमा पुग्दा दैनिक रुपमा निर्मलबस्तीको उत्तरतर्फको बाटो मिचेर जंगलतिर सारिएको, बाटोभन्दा माथिको भूभागमा गोठ, कुखुराका खोर तथा मान्छे सुत्ने टहरा समेत बनाएको पाइएको थियो । सहभागी सबैले तत्कालै अतिक्रमित भूभाग वनक्षेत्रमै फिर्ता गरी सुन्दर पिकनिक पार्क बनाउनका लागि पहल गर्नुपर्ने सुझाव दिएका थिए ।

मनहरी-७ का वडाध्यक्ष ठाकुरराम तितुङले अतिक्रमण रोक्नका लागि तत्कालै बाटोमा कंक्रिट स्ल्याव ढलान कार्य अघि बढ्ने समेत बताए ।

वन समूहका अध्यक्ष सुरेश मुक्तानको अध्यक्षतामा भएको कार्यक्रममा डिभिजन वन कार्यालय राप्ती मनहरीका प्रमुख लोकराज नेपाल, दामोदर पाण्डे, सवडिभिजन वन कार्यालय मनहरीका रुपककुमार ब्लोन, नेपाली काँग्रेस सभापति प्रकाश बर्तौला, नेकपा एमालेका गौतम लामासहितको सहभागिता थियो ।

यसैगरी, राष्ट्रिय रोटरी माविका अध्यक्ष शालिकराम बानियाँ, मकवानपुर उद्योग वाणिज्य संघ पश्चिम क्षेत्र समितिका सभापति गणेशमान मानन्धर, मनकामना सनातन धर्मसंरक्षण संस्थाका अध्यक्ष नारायण सुवेदी, समाजसेवी पदमबहादुर तितुङ, भुवनकुमार जोशीसहित इलाका प्रहरी कार्यालय, शसस्त्र प्रहरी आइआरटी पोष्ट, वनरक्षकहरु, टोल विकास संस्थाका अध्यक्षहरु तथा सरोकारवाला सहभागी थिए ।

**जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४, **ॐ आयल** पछाडि रहेको **दुर्गा खाजा घर** संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**
**९८५११८३३२३ (सुजित कावर)**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# विकास खर्च सुस्त

सरकारको खर्च गर्ने क्षमतामा लगातार ह्रास आइरहेको छ । चालूखर्चमा कुनै समस्या छैन तर, पूँजीगत खर्च गर्ने क्षमतामा भने प्रश्नचिन्ह देखिएको छ । बागमती प्रदेश सरकारले चालू आर्थिक वर्ष २०८१/८२ का लागि बिनियोजन गरेको पुँजीगततर्फ पहिलो चौमासिक (कार्तिक मसान्तसम्म)मा जम्मा ३ दशमलव ५० प्रतिशत मात्रै खर्च गर्न सकेको छ । जब की, चालू खर्चतर्फ बिनियोजित रकमको १४ दशमलव ६५ प्रतिशत खर्च भइसकेको छ । विकास अड्डाहरुको पुँजीगत खर्च निराशाजनक देखिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयमा बिनियोजि पुँजीगत बजेटको ४ दशमलव १६ प्रतिशत मात्रै खर्च भएको छ । यो मन्त्रालयको चालूखर्च भने १९ दशमलव ३३ प्रतिशत भइसकेको छ । भौतिकमा पुँजीगततर्फ २२ अर्ब २० करोड ७५ लाख ५१ हजार र चालूतर्फ ४३ करोड ९६ लाख ७८ हजार बजेट बिनियोजन गरिएको थियो । तत्कालीन आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले गत १ असारमा चालू आवका लागि ६४ अर्ब ५४ करोड ४ लाख रुपैयाँको बजेट बिनियोजन गरेका थिए । जसमा चालू खर्चतर्फ २६ अर्ब १० करोड १६ लाख रुपैयाँ, पूँजीगततर्फ ३६ अर्ब ९३ करोड ८७ लाख रुपैयाँ र वित्तीय व्यवस्थापनतर्फ एक अर्ब ५० करोड रुपैयाँ विनियोजन गरिएको थियो ।

प्रदेश सरकारले आव २०८०/८१ मा ६२ अर्ब ७० करोड रुपैयाँको बजेट ल्याएको थियो । असार लागेपछि बजेट सक्काउने क्रम जुनसुकै सरकार आउँदा पनि परिवर्तन देखिएको छैन । असार महिनामा बजेट पारित भएपछि पहिलो चौमासिकमा काम नगरी बस्ने क्रम निरन्तर देखिएको छ । आर्थिक मामिला तथा योजना मन्त्रालयका प्रवक्ता श्रीकृष्ण आचार्यले दिएको जानकारी अनुसार प्रदेशले ३६ अर्ब बिनियोजित पुँजीगतमा १ अर्ब २९ करोड २३ लाख ७९ हजार र २६ अर्ब बजेट रहेको चालूतर्फ ३ अर्ब ८२ करोड ४५ लाख रुपैयाँ मात्रै खर्च गर्न सकेको छ । मुख्य न्यायाधिवक्ताको कार्यालय, प्रदेश लोकसेवा आयोगको कार्यालय र प्रदेश नीति तथा योजना आयोगले पहिलो चौमासिकमा पुँजीगतखर्च एक रुपैयाँ पनि गर्न सकेको छैनन् । मुख्य न्यायाधिवक्ताको कार्यालयमा १३ लाख, प्रदेश लोकसेवा आयोगलाई ९१ लाख र नीति तथा योजना आयोगलाई २१ लाख पुँजीगतर्फ बिनियोजन गरिएको थियो । प्रदेश व्यवस्थापिका, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, पर्यटन मन्त्रालयले बिनियोजन भएको पुँजीगत रकमको १ प्रतिशत पनि खर्च गर्न सकेको छैनन् । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको चालूतर्फ ११ दशमलव १४ र पुँजीगततर्फ ६ दशमलव ३६ प्रतिशत, आर्थिक मामिला मन्त्रालयले चालूतर्फ १३ दशमलव ५४ र पुँजीगततर्फ १२ दशमलव ५० प्रतिशत खर्च गरेको छ । यस्तै, उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालयले चालूतर्फ ९ दशमलव ३५ र पुँजीगततर्फ १० दशमलव ३३, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले चालूतर्फ ८ दशमलव ०६ र पुँजीगततर्फ ७ दशमलव ८० प्रतिशत रकम खर्च गर्न सकेको छ । खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालयको चालूतर्फ २४ दशमलव ५६ प्रतिशत खर्च हुँदा पुँजीगततर्फ २ दशमलव ५२ प्रतिशत खर्च भएको आर्थिक मामिला मन्त्रालयका प्रवक्ता आचार्यले जानकारी दिए ।

वन तथा वातावरण मन्त्रालयले चालूतर्फ १९ दशमलव १८ र पुँजीगततर्फ २ दशमलव ९७ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले चालूतर्फ ५ र पुँजीगततर्फ ८ दशमलव ९१ प्रतिशत, सामाजिक विकास मन्त्रालयले चालूतर्फ ८ दशमलव ४९ र पुँजीगततर्फ २ दशमलव १९ प्रतिशत, स्वास्थ्य मन्त्रालयले चालूतर्फ १४ दशमलव ५४ र पुँजीगततर्फ २ दशमलव १२ प्रतिशत खर्च गरेको आर्थिक मामिला मन्त्रालयले जनाएको छ । श्रम, रोजगार तथा यातायात मन्त्रालयले चालूतर्फ १६ दशमलव ५१ प्रतिशत र पुँजीगततर्फ ३ दशमलव ८३ प्रतिशत खर्च गरेको छ । साउन भदौ बर्षात, असोज कात्तिक चाडवाड, पुस माघ जाडो याममा काम हुन नसक्ने पुरानै परम्परा हो । फागुन लागेपछि बल्ल टेण्डरको सूचना निकाल्ने र असारमा हतारहतार काम गर्ने बिगतकै नियती दोहोरिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ७ गते शुक्रबार २२ नोभेम्बर २०२४ । सप्तमी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३१, सूर्यास्त ५:०७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सामाजिक काममा रुचि बढ्नेछ | तुला | : प्रतिष्ठित काम गर्ने मौका छ |
| वृष | : यात्रामा कष्ट मिल्नेछ | वृश्चिक | : आत्म-विश्वास बढ्नेछ |
| मिथुन | : त्रासमय दिन हुनेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : खानपिन राम्रो हुनेछ | मकर | : पारिवारिक जमघट हुनेछ |
| सिंह | : शरीरमा बाधा पुग्न सक्नेछ | कुम्भ | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| कन्या | : मन पर्ने उपहार पाइने योग छ | मीन | : कामबाट फुर्सद मिल्नेछ |

# १८ वर्षसम्म अधुरो 'शान्ति यात्रा'



चरण प्रसाई

मंसिर ५ गते तत्कालीन विद्रोही माओवादी र सरकारबीच शान्ति सम्झौता भएको अठार वर्ष पुगेको दिन हो । यसको पूर्वसन्ध्या अर्थात मंसिर ०२ गते शान्ति प्रक्रियाका सूत्रधार मध्येका एक पूर्वसभामुख तथा अधिकारवादी नेता दमननाथ ढुंगानाको निधन भयो । अन्त्यष्टीमा राष्ट्रिय सम्मानका साथै मंसिर ३ गते सार्वजनिक बिदा दिएर सरकारले उहाँको योगदानको उच्चकदर गरेको छ । माओवादीको सशस्त्र द्वन्द्वलाई शान्ति प्रक्रियामा रुपान्तरण गर्न लोकतन्त्रवादी दमननाथ ढुंगाना र वामपन्थी पक्षका पद्मरत्न तुलाधरको अतुलनीय योगदान रह्‌यो । विपरीत राजनीतिक आस्थाका कारणबाट पनि यो संवेदनशील प्रक्रियामा उहाँहरुप्रति विश्वास जुटेको हो ।

दमन-पद्मरत्न जोडी सक्रिय नरहेको भए दश वर्षमा नै माओवादी शान्ति प्रक्रियामा अवतरण हुनसक्ने अवस्था नरहने आँकलन पनि गरिएको छ । तथापि यस प्रक्रियालाई बिट मार्न योगदान पुर्‍याउने दुवैजना यतिबेला यस संसारमा हुनुहुन्न । दिगो शान्तिको एक प्रमुख खण्ड द्वन्द्वपीडित, सुशासन एवं राष्ट्रको भविष्यसँग गाँसिएको 'संक्रमणकालीन न्याय'लाई मझधारमा छाडेर दुवै महाप्रस्थान गर्नु भयो ।

स्मरण होस् २०६३ साल मंसिर ५गते माओवादी र सरकार बिच भएको 'विस्तृत शान्ति सम्झौता'को जग बाह्र बुँदे समझदारी हो । तत्कालीन विद्रोही माओवादी र राजा ज्ञानेन्द्रद्वारा अपदस्थ सात राजनीतिक दलबीच २०६२ मंसिर ७ गतेको समझदारीबाट मुलुकभित्र शान्ति स्थापनाको यात्रा सुरु भएको हो । नेपालीको शान्तिप्रतिको चाहनालाई पूरा गर्न दिल्ली वार्ताबाट यसको औपचारिक आरम्भ भएको हो ।

यस समझदारीले आमनागरिक बीच निरंकुश राजतन्त्रको अन्त्य र पूर्ण लोकतन्त्र स्थापना हुने विश्वास दिलायो । साथै यसको आठौं बुँदाले शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानव अधिकारका मूल्यमान्यतालाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने प्रतिबद्धता जनायो । यस समझदारीलाई नागरिक समाजको पनि व्यापक समर्थन जुट्यो । लोकतन्त्रप्रति विश्वास राख्ने नागरिकका साथ एवं सहयोगबाट ०६२/०६३ जनआन्दोलन सफल भयो पनि । नागरिकको प्रतिनिधि थलो संसद पुन:स्थापना भयो । अनि हिंसात्मक द्वन्द्वको अन्त्य गर्दै यस शान्ति सम्झौता मार्फत देश शान्ति प्रक्रियामा अघि बढेको हो ।

शान्ति सम्झौताका मुख्य तीन उद्देश्यमध्ये (१) दोश्रो संविधान सभाद्वारा नयाँ संविधान २०७२ असोज ०३ गते जारी भयो (२) निकै लामो विवादपछि माओवादी लडाकुको नेपाली सेनामा समायोजन तथा हतियार व्यवस्थापन भयो तर (३) मुलुकको भविष्य, सुशासन तथा दिगो शान्तिसँग गाँसिएको नदोहारिने प्रत्याभूति एवं द्वन्द्वपीडितका सत्य, न्याय र परिपुरणका अधिकार संबन्धी 'संक्रमणकालीन न्याय' १८ वर्षदेखि थाती छ । 'दुवै पक्षद्वारा वेपत्ता परिएका व्यक्तिहरुको तथा युद्धका समयमा मारिएकाहरुको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको ६० दिनभित्र सूचनाहरु सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी उपलब्ध गराउन मन्जुर गर्दछ' भनेर लेखे पनि त्यो लागु भएन । यही विन्दुबाट यो प्रक्रिया अघि बढ्न चुकेको हो ।

द्वन्द्वका दुवैपक्षसँग वेपत्ता पारिएका र मारिएका व्यक्तिहरुको विवरण भएपनि तिनलाई सार्वजनिक गर्न र परिवारलाई जानकारी दिन अझसम्म चाहेका छैनन् निजी वा संस्थागत स्वार्थका कारणबाट । प्रतिबद्धतालाई समयसीमाभित्र पुरा गर्न सुरुवात नगरेबाट संक्रमणकालीन न्यायका अन्य प्रक्रिया पनि ढिला हुँदै गएको हो । यस ढिलाइको निरन्तरता उच्चस्तरीय सत्य निरुपण तथा वेपत्ता सम्बन्धी छानविन आयोग गठनमा पनि भयो । यो आयोग गठन गर्नै आठ वर्ष लाग्यो र राजनीतिक छायाँमा परेर तिनी बेकामे भए । दुईपटक दुवै आयोग गठन भए तर ती पीडितको नभएर पीडकका पृष्ठपोषक देखिए । यसको संवेदनशीलता, महत्व र मर्मलाई बुझेनन् । अन्तर्राष्ट्रिय समुदाय एवं द्वन्द्वपीडित र अधिकारवादीको विश्वास जितेर अघि बढ्न चाहेनन् । मुलुकको श्रोत, साधन, पैसा र दश वर्षको समय त्यसै खेर फाले ।

अब चौथो पटक पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको अध्यक्षतामा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्षका प्रतिनिधि मनोज दुवाडी, पूर्वन्यायाधिवक्ता खुम्मबहादुर खाती, पूर्वराजदूत अर्जुन कार्की र स्टेला तामाङ्गको पाँच सदस्यीय सिफारिस समिति बनेको छ । चैत्र ३०, २०८० मा गठित तेश्रो सिफारिस समितिमा मानवअधिकार आयोगले प्रतिनिधि नपठाएपछि त्यसले काम गर्न पाएन । २०८१ कार्तिक ४ गते सर्वोच्च अदालतका पूर्वन्यायाधीश जगदिश शर्माको बदलामा पूर्वमहान्यायाधिवक्ता खम्मबहादुर खाती नियुक्त गरेर यो समितिको पुनर्गठन भएको हो । दुई महिनाको कार्यावधि रहेको यसले काम आरम्भ गरेको छ । दोश्रो निवेदन आह्‌वानको सूचना पनि मंसिर ४गते सकिएको छ । अपुष्ट जानकारी अनुसार १५६ को निवेदन यसमा परेका छन् ।

बाँकी रहेको एक महिनाभित्र यस समितिले कार्यविधिले तोकेको प्रक्रियाबाट सरकारलाई सत्य निरुपण तथा मेलमिलाप आयोग तथा वेपत्ता सबन्धी आयोगमा निष्पक्ष, सक्षम तथा विश्वस्नीय दुई अध्यक्षसहीत १० पदाधिकारी छनौट सिफारिस गरिसक्ने छ । विगतका सिफारिस समिति असफल भएपछि यो समिति गठन भएको हो । संक्रमणकालीन न्यायलाई सही बाटोमा हिंडाउने यो अन्तिम अवसर हो । यसपटक पनि यो प्रक्रिया राजनीतिक बन्दी भई असफल भएमा नेपालमा मानव अधिकारको संकट निम्तन सक्छ । असफल र असक्षम राज्यको परिभाषामा पर्न सक्छ । अन्तर्राष्ट्रिय न्यायिक हस्तक्षेप निम्तने खतरा बढ्ने छ । यसर्थ गठित सिफारिस समितिलाई असफल हुनको सुविधा छैन । यसपालि यसले सक्षम तथा प्रभावकारी आयोग गठन सिफारिस गर्ने विश्वास गरिएको छ । यसले आयोगमा प्राविधिक व्यक्ति मात्र खोजेर छान्ने कामले यो प्रक्रिया अघि बढ्दैन । राजनीतिक ढंगबाट यसमा आइपर्ने 'झमेला'लाई झेल्ने र चिर्न सक्ने व्यक्तिहरु यसमा चाहिन्छ, विशेषगरी आयोगका अध्यक्ष पदमा । राजनीतिक शक्तिलाई विश्वासमा लिएर उत्पन्न गतिरोध अन्त्य गर्नसक्ने खुबी भएका नेतृत्व आयोगमा पुग्नु पर्दछ ।

गएको संसद 'हिंसा' शब्दले अवरुद्ध भएको थियो र संसद खुलेपछि फेरि अवरुद्ध गर्ने माओवादीले निर्णय गरेको छ । धरातलीय यथार्थलाई उसले अझ पनि स्वीकार गर्न नसकेको यथार्थता हो यो । यसबाट आयोगको सत्य खोज्ने, छानबिन र कारवाहीको सिफारिस गर्ने प्रक्रियासम्म पुग्दा यसको पुनरावृत्ति हुँदैन भन्न सकिन्न । वर्तमान सिफारिस समितिले पारदर्शी र विश्वसनीय ढंगबाट सक्षम आयोग बनाउन सिफारिस गर्नेमा विश्वास गरौं । तथापि आयोग आफैंमा पूर्ण हुँदैन । आयोगमा दर्ता भएका बहुआयमिक घटनाका उजुरीमाथि सत्यतथ्य पत्ता लगाई आवश्यक छानबिन गरी पीडितलाई न्यायिक सन्तुष्टि दिनुपर्ने हुन्छ । यसका लागि आयोगलाई प्राविधिक मात्र होइन, राजनीतिक सहयोग पनि चाहिन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञका साथ, सल्लाह तथा सहयोगको पनि आवश्यकता पर्दछ । राजनीतिक समाधानका लागि बाह्य प्रभावकारी मिश्रित अनुगमन समूहको 'ब्याकअप' पनि चाहिन्छ ।

शान्ति सम्झौताको कार्यान्वयनमा समेटिएका विगतका अनुभवलाई समेत ध्यान दिएर सत्य निरुपण तथा वेपत्ता सम्बन्धी आयोगलाई सफल बनाउन सकिन्छ । तर यसको पूर्वसर्त- विश्वस्नीय र प्रभावकारी आयोगका स्थापना हो । आइपर्ने प्राविधिक तथा राजनीतिक चुनौति सामना गर्न सक्ने आयोगका पदाधिकारी चयन हुनु हो । योजनाभन्दा तिनका कार्यक्षमता तथा 'इस्यु'प्रतिको इमान्दारिताबाट निर्धारण गर्नु हो । प्रभावशाली नेताहरु समेतलाई मनाउने र विश्वासमा लिने खुबी भएका व्यक्तिको सिफारिसमा पर्नु हो ।

यस प्रक्रियाको सफलताका लागि विभिन्न तहमा प्रभावकारी अनुगमन आवश्यकता पर्दछ । स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका आधिकारिक एवं विश्वस्नीय संयन्त्रहरुको परिचालन हुनुपर्छ । विज्ञता तथा विशेषताका आधारमा जवाफदेही हिसाबले यो प्रक्रिया अघि बढ्नु पर्छ । यसमा संयुक्त राष्ट्रसंघ, मानव अधिकार आयोग तथा यस क्षेत्रका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अधिकारवादी संघ-संस्था तथा समूह परिचालन हुनु पर्दछ ।

यसका अलावा यस प्रक्रियामा विगतका अनुभवबाट नागरिक समाजका सदस्य र प्रमुख तीन दलको प्रतिनिधि रहेको अनुगमन समिति पनि आवश्यक देखिन्छ । यसको अभ्यास संविधान सभाको पहिलो निर्वाचनमा भएको थियो । त्यसबेला प्रमुख आयुक्त भोजराज पोखेलको अध्यक्षतामा सक्षम निर्वाचन आयोग थियो । तर मुलुकका विभिन्न भागमा हिंसा र हत्याका घटना रोकिएका थिएनन् । निर्वाचन हुने/नहुने अन्यौलको परिस्थिति बनेको थियो ।

यसको समाधानका लागि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल र माधवकुमार नेपाल समेत र नागरिक समाजबीच बालुवाटार बैठकले तीन दल र नौ नागरिकको प्रतिनिधित्व हुने गरी एक समिति बनेको थियो । यसले केही हदसम्म शान्तिपूर्ण रुपमा निर्वाचन सम्पन्न गर्न मद्दत गर्‍यो पनि । यसमा दमननाथ ढुंगना, पद्मरत्न तुलाधर, डा. विरेन्द्रप्रसाद मिश्र, निलाम्बर आचार्य, डा.महेश मास्के, सुशील प्याकुरेल, कनकमणि दीक्षित, श्याम श्रेष्ठ एवं यो पंक्तिकार थियौं र तीन दलका तर्फबाट मोहन वैद्य किरण, डा.प्रकाशशरण महत एवं अमृत बोहोरा थिए । अन्तमा लोकतन्त्रवादी एवं नेपालको शान्ति प्रक्रियाका 'च्याम्पियन' आदरणीय दमननाथ दाइप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । भाउजू भुवन कोइराला ढुंगाना, छोरी निकिता ढुंगाना वाग्ले र छोरा निशेष र निमेषप्रति गहिरो समवेदना प्रकट गर्दछु ।

*(साभार : अनलाइनखबर)*

# राजस्व छलीको भयानक रुप, अख्तियार र सरकार

सागर पण्डित

हामीकहाँ धेरै ठाउँमा बदमासी छ । राज्य सञ्चालनमा सुशासन कायम हुन नसक्दा जता हेर्‍यो त्यतै विकृति व्यापक छ । यस्तै विकृति राजस्व प्रशासनमा पनि रहेको छ । जहाँ राजस्व छलीको भयानक रुप छ तर छली गर्नेहरु निकै कम मात्रै कानुनी दायरामा आउने गर्छन् । विशेष गरी राजस्व छलीमा कर्मचारी, बिचौलिया, जनप्रतिनिधि र व्यापारीहरु नै संलग्न हुने गरेका छन् । देशमा एक वर्षको अवधिमा मात्रै सरकारकै विभिन्न निकायले गरेको छानबिन र अनुसन्धानका क्रममा झन्डै २० अर्बको राजस्व छली भएको पाइएको छ । यसरी अर्बौं रुपियाँ राजस्व छली भएको पाइएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारका सरोकारवाला निकायलाई राजस्व छली रोक्न गम्भीर ध्यानाकर्षण गराउँदै, सतर्क पार्दै आएको भए पनि सरकारी निकायले भने अख्तियारको निर्देशनलाई समेत पालना गरेका छैनन् ।

पछिल्लोपटक अघिल्लो हप्ताको शुक्रबार सरकारका मुख्य सचिव एकनारायण अर्यालले सरकारका सरोकारवाला निकायका उच्च पदाधिकारीहरुलाई नै बोलाएर राजस्व छली नियन्त्रण गर्न कडा निर्देशन मात्रै दिएनन्, सबैको संलग्नतामा राजस्व छली रोक्न विभिन्न ८ वटा महत्वपूर्ण निर्णयसमेत गराएका छन् । आशा गरौं, मुख्य सचिवको अध्यक्षतामा बसेको बैठकले राजस्व छली नियन्त्रण गर्न गरेका निर्णयहरुको प्रभावकारी कार्यान्वयन हुनेछ र राजस्व छली धेरै हदसम्म रोकिनेछ । तर विडम्बना हामीकहाँ सरकारी निर्णयहरुको कार्यान्वयन अवस्था निकै कमजोर र फितलो हुने गरेको छ । एकैछिन् मुलुकको राजस्व चुहावट र छलीको अवस्था विश्लेषण गरौं । यो त बाहिर आएको सानो हिस्सा मात्रै हो । बाहिर नआएका त कति छन् कति ।

आन्तरिक राजस्व विभागले गत आर्थिक वर्ष २०८०/८१ मा झुट्टा तथा नक्कली बिजकको प्रयोग गरी ११ अर्ब ३ करोडभन्दा बढीको राजस्व छली भएको निष्कर्ष निकाल्दै त्यसरी राजस्व छली गर्ने १९८६ व्यापारिक फर्मबाट छली भएको राजस्व तिराउने निर्णय गरेको थियो । विभागले आव २०८१/८२ मा पनि अर्बौं रुपियाँ राजस्व छली गरेको आशंकामा २३ सय करदातामाथिको छानबिन प्रक्रियालाई जारी राखेको छ ।

उता राजस्व अनुसन्धान विभागले आर्थिक वर्ष २०८०/८१ मा राजस्व छली गर्नेहरुको छानबिनलाई अघि बढाउँदै ७ अर्ब ३० करोड राजस्व छली भएको ठहरसहित राजस्व छली कार्यमा संलग्न २०२ जनाविरुद्ध मुद्दा दायर गरेको थियो । विभागले चालू आर्थिक वर्षमा पनि अर्बौं राजस्व छली गर्नेहरुमाथिको छानबिनलाई जारी राख्दै आएको जनाएको छ । व्यापारीहरुले राजस्व छली गर्ने र सरकारका सम्बन्धित निकायले मुद्दा दायर गर्ने क्रम वर्षौंदेखि चल्दै आइरहेको छ तर पनि राजस्व छली रोकिनुको साटो झन्-झन् बढेको छ ।

सरकारकै विभिन्न निकायले गरेको अनुसन्धानका आधारलाई विश्लेषण गर्दा देशमा राजस्व छलीको अवस्था भयानक देखिएको हो । यसै गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत आर्थिक वर्ष २०८०-८१ मा राजस्व हिनामिना र चुहावट गरेको भन्दै १३ वटा मुद्दामा व्यक्ति र संस्था गरी ११६ जनालाई प्रतिवादी कायम गर्दै मुद्दा दायर गर्‍यो । अख्तियारले राजस्व छली तथा चुहावट गर्नेहरूसँग १ अर्ब १४ करोड बिगोसमेत माग गर्दै मुद्दा दायर गरेको थियो ।

यस्तै, अघिल्लो वर्ष २०७९-८० मा राजस्व हिनामिना गरेको भन्दै ५ वटा मुद्दामा ४२ जनालाई प्रतिवादी कायम गरिएको थियो । अख्तियारको राजस्व छलीविरुद्धको मुद्दा दायर गर्ने क्रम हेर्दासमेत राजस्व छली र हिनामिना हुने क्रम बर्सेनि बढेको पाइएको छ । यसले राष्ट्रिय ढुकुटीमा क्षति पुगिरहेको देखिन्छ । अख्तियारले बर्सेनि सार्वजनिक गर्ने प्रतिवेदनलाई विश्लेषण गर्दा राजस्व छली र चुहावटमा कर्मचारी, जनप्रतिनिधि, व्यापारी र बिचौलियाको कनेक्सन देखिएको छ । गतवर्ष राजस्व छलीमा मुछिएका सरकारका कर्मचारीहरुमा उपसचिव स्तरका ११, शाखा अधिकृत स्तरका २३, नायब सुब्बा स्तरका ३ जना छन् भने १४ जना जनप्रतिनिधि रहेका छन् । अख्तियारका अनुसार गतवर्ष राजस्व हिनामिना तथा चुहावटमा मुछिनेमा मतियार, बिचौलिया र व्यापारी गरी ६५ जना रहेका छन् ।

अख्तियारको प्रतिवेदनका आधारमा यसरी राजस्व छलीमा परेका प्रतिवादीहरू केलाउँदा राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र, बिचौलियाको मिलेमतोमा राजस्व छली हुने गरेको घामजत्तिकै छर्लङ्ग देखिन्छ । दु:खका साथ भन्नुपर्छ, राज्य सञ्चालन गर्न अत्यावश्यक र अर्थतन्त्रको मेरुदण्डका रूपमा रहेको राजस्व संकलनमा संवेदनशील जिम्मेवारी बहन गर्ने व्यक्तिहरूबाट नै उठाउनुपर्ने राजस्व नउठाउने, उठाउनुपर्नेभन्दा कम राजस्व उठाउने, विभिन्न बहानामा छुट दिने र सरकारी कोषमा राजस्व जम्मा नगरी हिनामिना गर्ने क्रम बढेको देखिन्छ ।

पछिल्लो समय यो रोग स्थानीय तहमा समेत झाङ्गिँदै गएको पाइन्छ । राजस्व, भन्सार र कर कार्यालयका उच्च कर्मचारीहरूले व्यापारीहरूबाट बुझेको करोडौं रकम हुन्डीमार्फत दिल्ली र अस्ट्रेलिया लैजाने गरेको विषय पनि बेलाबेलामा आउने गरेका छन् । राजनीतिक नेतृत्वकै मिलिमतोमा राजस्व छली हुनुले यसलाई अझै जटिल बनाइदिएको छ ।

अख्तियारले राजस्व चुहावट, चोरी, निकासी, पैठारी, न्यून बीजकीकरणजस्ता कार्यहरू भइरहेकाले त्यस्ता कार्य तत्काल रोक्न सम्बन्धित सरकारी निकायलाई निर्देशन दिँदै आए पनि अख्तियारको सो निर्देशनको खासै सुनुवाइ हुन सकेको देखिँदैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस्तो भयानक अवस्थालाई रोक्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, गृह मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको गम्भीर ध्यान आकृष्ट गराउँदै ती निकायलाई सचेत पार्दै आएको छ ।

अख्तियारले भन्सार विन्दु, सीमा नाका तथा आन्तरिक बजारबाट हुने राजस्व चुहावट नियन्त्रण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयलगायतका सरोकारवाला निकायलाई अविलम्ब स्पष्ट क्रियाकलाप, समयसीमा र जिम्मेवारी किटान गरी राजस्व चुहावट नियन्त्रण कार्ययोजना तर्जुमा गरी तत्काल कार्यान्वयनमा ल्याउन ध्यानाकृष्ट गराएको छ । राजस्व छली रोक्ने महत्वपूर्ण भूमिकामा रहेका निकायहरुले प्रभावकारीरुपमा काम गर्न नसक्दा र उल्टै राजस्व छली गर्ने पक्षसँग मिलेमतो गर्दा राजस्व छली हुने क्रम बढेको अख्तियारको विश्लेषण छ ।

त्यसैले आन्तरिक राजस्व विभागले विद्यमान कर परीक्षण प्रणालीलाई पुनरावलोकन गरी कर परीक्षणलाई सूचना प्रविधिमा आधारित, बढी प्रदर्शनीय प्रभाव पर्ने, कर परीक्षण गर्ने कर्मचारी र व्यापारीबीचको मिलेमतो अन्त्य गरी व्यापारीबाट वास्तविक कर दाखिला र कर अधिकृतबाट यथार्थ कर निर्धारण हुने व्यवस्था मिलाउनसमेत अख्तियारले विभागलाई निर्देशन दिएको छ । यसै गरी अख्तियारले भन्सार विभागमा प्रयोगमा रहेको अटोमेटेड सिस्टम्स फर कस्टम्स डाटा र नेपाल नेसनल सिंगल विन्डोज सिस्टम, राजस्व अनुसन्धान विभागमा प्रयोगमा रहेको भीसीटीएस सिस्टम तथा आन्तरिक राजस्व विभागमा प्रयोगमा रहेको आईटीएसजस्ता विद्युतीय प्रणालीलाई अद्यावधिक र एक-आपसमा आबद्ध गरी एकीकृतरुपमा सञ्चालनमा ल्याउने, भन्सार जाँचपास भएका सामान तत्काल भीसीटीएसमा प्रविष्टि गर्ने व्यवस्था मिलाउनसमेत अख्तियारले ती विभागहरुलाई निर्देशन गरेको छ ।

हुन पनि भन्सार विन्दुमा राजस्व चुहावट अत्यधिक रहेको छ । भन्सार विन्दुमा हुने राजस्व चुहावट रोक्न ठोस पहलकमदमी लिन, भन्सारको प्रकृतिका आधारमा विभिन्न भन्सार सुधारका प्रणालीहरुलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन, सबै भन्सार विन्दुमा मालवस्तु प्रयोग हुनासाथ मालवस्तुको विवरणमार्फत वा स्वत: भन्सार प्रशासनले प्राप्त गर्ने व्यवस्था मिलाई भन्सार वार्डमा आएका मालवस्तु कानुनबमोजिम तोकिएको समयभित्र पनि घोषणा गरी जाँच पास नगरेमा भन्सार ऐनबमोजिम कारबाही गर्न जरुरी छ ।

तर अहिले यस किसिमको कारबाही खासै हुँदैन । दण्डहीनताकै कारण तस्करी मौलाउने र राजस्व छली हुने क्रम बढ्दो अवस्थामा पुगको हो भन्दा अत्युक्ति नहोला । सरकारले राजस्व छली नियन्त्रण गर्न अनौपचारिक आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आकार फराकिलो बनाउन, भन्सार मूल्यांकन प्रणालीलाई वास्तविक कारोबार मूल्यमा आधारित यथार्थपरक बनाउने व्यवस्था मिलाउन जरुरी छ ।

अख्तियारले आफ्नो चौँतीसौँ वार्षिक प्रतिवेदनमार्फत सरकारका सम्बन्धित निकायलाई त्यस्तो सुझाव दिँदै सतर्क पारे पनि ती निकायले अख्तियारको सुझावको प्रभावकारी कार्यान्वयन गर्न सकेका छैनन् । अख्तियारले गतवर्ष पनि यस्तै सुझाव दिएको थियो तर ती सुझावहरुको पालना नभएपछि अख्तियारले यसपटक पनि विभिन्न सुझाव दिँदै सरकारका ती निकायलाई सचेत र सतर्क पारेको हो । सम्भवत: अख्तियारले राजस्व हिनामिना र चुहावट रोक्न सरकारका विभिन्न निकायलाई बारम्बार निर्देशन दिँदा पनि कार्यान्वयन नभएपछि मुख्य सचिव अर्यालले सबै सरोकारवाला निकायलाई बोलाएरै उनीहरु सबैले अपनत्व लिने गरी राजस्व हिनामिना रोक्न महत्वपूर्ण निर्णय गराउन सफल भएका हुन् ।

राजस्व चुहावट रोकिन नसक्दा सरकारले अपेक्षा गरेअनुसारको राजस्व उठ्न सकिरहेको छैन । त्यसैले चुहावट रोकी राजस्व वृद्धि गर्ने उद्देश्यले सरकारका मुख्य सचिव अर्यालले सुरक्षा निकायका प्रमुख तथा सरोकारवाला निकायका प्रमुखहरुलाई शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा बोलाएर लामो छलफल गर्नुका साथै राजस्व चुहावट नियन्त्रण गर्न सबै प्रकारका उपायहरु अवलम्बन गर्न कडा निर्देशन दिँदै विभिन्न निर्णय गरे पनि ती निर्णयको कार्यान्वयन के कसरी हुन्छ ? त्यो भने हेर्न बाँकी नै छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# भिजिट भिसामा खाडी र युरोप जानेमाथि कडा निगरानी

काठमाडौं/रोजगारीका लागि विदेश जानेहरु भिजिट भिसामा जाने क्रम बढेको भन्दै सरकारले फेरि कडाइ गर्न थालेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमन कार्यालयले गत साता कुवेत उड्न लागेका २२ महिलालाई एकैपटक विमानस्थलले घर फर्काइदिएको छ ।

१० माघ २०८० मा सरकारले विभिन्न कागजात र मापदण्ड तोक्दै भिजिट भिसामा जानेहरुका लागि खुकुलो व्यवस्था गरेको थियो । तर, एक वर्ष पनि नबित्दै फेरि कडाइ गर्न थालेको छ । खाडी मुलुक, क्रोएसिया र पश्चिम युरोपेली देश जान हिँडेका नेपाली महिलाहरु विमानस्थलबाट धेरै फर्काइएका छन् । अध्यागमन विभाग स्रोतका अनुसार भिजिट भिसामा विदेश जान लागेकाहरुलाई गन्तव्य देश र यात्राको उद्देश्यबारे सोधपुछ गर्ने गरिएको छ ।

‘भिजिट भिसामा जान लागेकाहरुलाई आफू कहाँ जान लागेको भन्नेसमेत थाहा छैन’, विभागका एक अधिकारीले भने, ‘त्यसैले सोधपुछ गरेर भिजिट भनिएपनि श्रम गर्न जान लागेको यकिन भए रोकिरहेका छौं ।’ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रोजगार व्यवस्थापन महाशाखाका सहसचिव जीवलाल भुसालको नेतृत्वमा समिति बनाएर भिजिट भिसामा श्रम गर्न जानेहरुलाई रोक्न के-के गर्ने भन्ने तयारी सुरु गरेको छ ।




श्रमले मात्रै हैन परराष्ट्र र गृह मन्त्रालयले पनि नेपाली महिलालाई अवैध ढंगबाट घरेलु श्रमिकका रुपमा विदेश पुऱ्याएर काम लगाउन भिजिट भिसाको दुरुपयोग बढेको निष्कर्ष निकालिसकेका छन् । यसकै आधारमा भिजिट भिसामा विदेश जानेहरुमाथि निगरानी बढाउन सुरु भइसकेको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सहायक प्रवक्ता बसन्त बोहरा भारत र तेस्रो मुलुकको बाटो प्रयोग गरेर भिजिट भिसामा नेपाली महिलालाई विदेश पठाउने क्रम बढेको पाइएको बताउँछन् ।

‘श्रम मन्त्रालयको नेतृत्वमा नै भिजिट भिसामा श्रमिकहरु अवैध रुपमा विदेश पुग्ने अवस्थाबारे अध्ययन भइरहेको छ’, उनले भने, ‘केही दिनभित्र यसबारे प्रतिवेदन बनेपछि त्यसअनुसार भिजिट भिसामा श्रमिक पठाउने क्रमलाई रोक्ने गरी कदमहरु चाल्नेछौं ।’

रोजगारीको उद्देश्यले भिजिट भिसामा विदेश जानेहरु ठगीमा परेर अवैध रुपमा काम गर्न बाध्य छन् । अहिले विशेष गरी संयुक्त अरब इमिरेट्स (यूएई) मा भिजिट भिसामा गएर रोजगारी गर्नेहरुको संख्या ठूलो छ । कुवेत, बहराइनलगायतका देशमा पनि यस्तो समस्या छ । तर, विगतदेखि नै भिजिट भिसामा जानेमाथि कडाइ नगर्न सरकारमाथि दबाब छ । भिजिट भिसामा जानेहरुका लागि सरकारले कसिला शर्त राख्न नहुने माग मानवअधिकारवादी संघसंस्थाहरुले राख्दै आएका छन् ।

सरकार भने प्रलोभनमा पारेर भिजिट भिसामा श्रमिक पठाउन नदिने गरी कडा नीतिगत र केही नियामकीय व्यवस्थाको तयारी गर्दैछ । कानुनअनुसार रोजगारीका लागि विदेश जानुअघि श्रम स्वीकृति लिनुपर्छ, वैदेशिक रोजगार कल्याणकारी कोषमा शुल्क तिर्नुपर्छ र आवधिक जीवन बीमा गर्नपर्छ । यसरी प्रक्रिया पूरा गरेर जाँदा समस्या परे सम्बन्धित म्यानपावर कम्पनी र रोजगारदाता जिम्मेवार हुन्छन् ।

भिजिट भिसामा लगेर आकर्षक रोजगारी दिलाउने प्रलोभनमा नेपालीसँग ४ लाख रुपैयाँसम्म असुल्ने गरिएको छ । भिजिट भिसामा गएर रोजगारी गर्न खोज्नेहरु ठगिए वा अरु कुनै समस्यामा परे आफैं जिम्मेवार हुन्छन् । उनीहरुले सहयोग तथा उद्धार सुविधा पाउन पनि मुश्किल पर्छ । त्यसैले वैदेशिक रोजगार क्षेत्रका जानकारहरु रोजगारीका लागि भिजिट भिसामा जानुलाई ‘जुवा’ मान्छन् ।

सरकारले भिजिट भिसामा पठाउने दलाल र गिरोहविरुद्ध प्रभावकारी कदम चाल्न सकेको छैन । यसका कारण प्रलोभनमा पारेर युवालाई विदेश पुऱ्याउने क्रम रोकिन सकेको छैन । खासगरी देशभित्र रोजगारी पाउन नसकेका युवा तस्करको प्रलोभनमा परेर विदेश पुगिरहेका छन् । केही ट्राभल एजेन्सी र शैक्षिक परामर्शदाता संस्थाले पनि सामाजिक सञ्जालहरुमा भिजिट भिसाको विज्ञापन गरिरहेका छन् ।

खाडी मुलुकहरुले अवधिअनुसार भिजिट भिसाको शुल्क तोकेका हुन्छन् । तर कतिपय विज्ञापनमै रोजगारीको ग्यारेन्टी गर्ने गरिन्छ । भिजिट भिसामा लगेर आकर्षक रोजगारी दिने प्रलोभनमा ४ लाख रुपैयाँसम्म असुल्ने गरिएको विभागमा प्राप्त उजुरीहरुबाट देखिन्छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अनुसार यूएई, बहराइन लगायत मुलुकमा भिजिट भिसामा गएकाहरुले रोजगारदाताको स्वीकृतिमा वर्किङ भिसा पाउँछन् ।

केही वर्षदेखि मानव तस्करहरुले यसलाई धन्दाका रुपमा विकास गरेको भन्दै वैदेशिक रोजगार व्यवसायी संघले चिन्ता प्रकट गर्दै आएको छ । अहिले यूएईमा भिजिट भिसामा जानेहरु धेरैजसो १९ देखि ३० वर्ष उमेर समूहका छन् । भिजिट भिसामा यूएईमा पुगेर अलपत्र परेका कतिपयले उद्धारका लागि आग्रह गर्ने गरेका छन् ।

भिजिट भिसाका नाममा भइरहेको ‘मानव तस्करी’ रोक्ने मुख्य जिम्मेवारी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलस्थित अध्यागमन कार्यालयको हो । तर, मानव तस्कर हरुले विमानस्थलमा सेटिङ मिलाउने गरेको आरोप लाग्दै आएको छ । सरकारले अध्यागमनमै सेटिङ गरेर भिजिट भिसामा श्रमिक पठाउने क्रम बढेको भन्दै १० माघ २०८० मा नयाँ कार्यविधि जारी गरेको थियो ।

कार्यविधिले भिजिट भिसामा जानेहरुका लागि आवश्यक कागजात र प्रक्रिया सहज गरेको थियो । त्यसपछि झन् ठूलो संख्यामा श्रमिकहरु भिजिट भिसामा गइरहेका छन् । अहिले अध्यागमन विभागले भिजिट भिसामा जाँदा कम्तीमा ६ महिनाको वैध अवधि भएको राहदानी आवश्यक पर्ने र सम्बन्धित देशको भिसा चाहिने नियम बनाएको छ । अनअराइभल भिसा पाइने मुलुकको हकमा त्यस्तो भिसा चाहिन्न । भिजिट भिसामा विदेश जाने अनुमति पाउन दुईतर्फी (जाने र आउने) हवाइ टिकट अनिवार्य छ । भ्रमण अवधिभर होटल बुकिङ गरेको प्रमाण वा होटल बुकिङ नभई आफन्तसँग रहने भएमा एकाघरका तीन पुस्ताभित्रको नाता खुल्ने नागरिकताको प्रमाणपत्र वा अन्य कुनै प्रमाणपत्र देखाउनुपर्ने व्यवस्था छ ।

भ्रमणको सबै खर्च व्यहोर्ने सरकारी तथा गैरसरकारी संस्थाको निमन्त्रणा पत्र वा सो नभएमा कम्तीमा ५०० अमेरिकी डलर बराबरको नगद सटही भएको प्रमाण (नगद वा डेबिट/क्रेडिट कार्ड) पनि अनिवार्य छ । संयुक्त अरब इमिरेट्स, बहराइन, कुवेत, कतार, ओमान र साउदी अरेबियामा भिजिट भिसामा जाँदा स्वघोषणा फारम भर्नुपर्ने नियम छ ।

अब यो नियममा के-के परिवर्तन गर्ने भन्नेबारे सरकारले अध्ययन गरिरहेको छ । भिजिट भिसामा अवैध रुपमा श्रमिक लैजाने क्रम बढेकाले केही नयाँ व्यवस्थाहरु गरेर रोक्नैपर्ने देखिएको अध्यागमन विभागका एक अधिकारीले बताए । ‘वैदेशिक रोजगार व्यवसायीले समेत यसबारे पटक-पटक ध्यानाकर्षण गराएका छन्’, उनले भने, ‘पटक पटक धेरै महिलालाई श्रमिक बनाउन भिजिट भिसामा लैजाँदै गर्दा विमानस्थलबाट फर्काएका छौं, त्यसैले यसमा केही कडा व्यवस्था जरुरी देखिएको छ ।’

(स्रोत: अनलाइनखबर)

# प्रदीप रावतलाई ‘ह्रस्व दीर्घ’को सिक्वेल पनि खेल्ने इच्छा

काठमाडौं/गत शुक्रबार बाट प्रदर्शनमा आएको फिल्म ‘ह्रस्व दीर्घ’को प्रवर्द्धनका लागि यतिबेला भारतीय कलाकार प्रदीप रावत (गजनी भिलेन) नेपालमा छन् । आइतबार श्रीमती कल्याणीको साथमा नेपाल आएका उनले सोमबार र मंगलबार काठमाडौंका विभिन्न हलमा पुगेर दर्शकसँग साक्षात्कार गरे । बुधबार उनी फिल्मको टिमसँग नेपालगञ्ज पुगेका छन् । उनी त्यहीँबाट स्वदेश फर्किने जनाइएको छ ।



हिन्दी, तमिल, तेलुगु लगायत विभिन्न भाषाका फिल्ममा काम गरिसकेका प्रदीपको ‘ह्रस्व दीर्घ’ पहिलो नेपाली फिल्म हो । यसमा उनी धर्मगुरुको भूमिकामा छन् । उनको छोरीको भूमिकामा अभिनेत्री नीता ढंगाना प्रस्तुत छिन् । उनलाई आगामी दिनमा पनि नेपाली फिल्ममा काम गर्ने ठूलो इच्छा छ । उनले ‘ह्रस्व दीर्घ’को सिक्वेल बनाउन समेत निर्मातालाई आग्रह गरेका छन् ।

मंगलबार सञ्चारकर्मीसँग उनले भने, ‘म फेरि पनि नेपाली फिल्ममा काम गर्न चाहन्छु । र, म नीता ढुंगानालाई आग्रह गर्छु कि चाँडै यसको दोस्रो पार्ट बनाउनुहोस् । किनकि, दर्शकले पनि चाहेका छन् । म पनि काम गर्न अधैर्य छु ।’ ‘ह्रस्व दीर्घ’लाई दर्शकले मन पराएको देख्दा खुसी लागेको उनको भनाई थियो । उनी फिल्म सुपरहिट हुनेमा विश्वस्त छन् ।

‘फिल्मबाट ‘पोजेटिभ इनर्जी’को तुफान आइरहेको छ,’ उनी अगाडि भन्छन्, ‘दर्शकलाई मनदेखि नै फिल्म राम्रो लागेको छ । ‘आर्टिफिसियल’ रुपमा होइन । हलमा प्रतिक्रिया बुझ्न जाँदा मैले त्यो महसुस गरेको छु । किनकि, इमानदारिता भन्ने चिज अनुहारमै देखिन्छ । मलाई लाग्छ, फिल्म सुपर हिट हुनेछ ।’

अभिनेता रावतले नेपाल र नेपालीको पनि प्रशंसा गरेका छन् । उनलाई नेपालीहरुमा ढोंगीपन छैन भन्ने लाग्छ । भन्छन्, ‘नेपाल साह्रै सुन्दर देश हो । मलाई नेपालीहरु पनि एकदमै मनपर्छ । नेपालीहरुमा ढोंगीपन छैन । मनदेखि नै इमानदार छन् । हलमा जाँदा पनि मलाई एकदमै प्रेम दिनुभयो ।’ उनले आफू नेपाली कलाकार हुन पाएकोमा गर्व महसुस भएको बताएका छन् ।

‘ह्रस्व दीर्घ’ले बुधबार नेपालगञ्जमा उच्च शो पाएको छ । सिने रोयल र क्युएफएक्स बागेश्वरीले गरी १५ शोज उपलब्ध गराएका छन् । र, सबै शोमा उच्च अकुपेन्सी देखिएको छ । प्रदीपसहित फिल्मका कलाकारहरु नेपालगञ्ज पुगेकाले पनि बुधबार फिल्म हेर्न हलमा दर्शकको उपस्थिति उत्साहजनक देखिएको हो । फिल्मले प्रदर्शनको दिनदेखि बक्स अफिसमा राम्रो व्यापार गरिरहेको छ ।

# स्पेनी भाषामा डबिङ भएर अमेजन प्राइममा आउँदै ‘गोर्खा : बिनिथ द ब्रेभरी’

काठमाडौं/दुई वर्षअघि प्रदर्शनमा आएको प्रदीप शाही निर्देशित फिल्म ‘गोर्खा : बिनिथ द ब्रेभरी’ विश्व प्रतिष्ठित ओटीटी प्लेटफर्म अमेजन प्राइममा रिलिज हुने भएको छ । स्पेनी भाषामा स्वरांकन गरेर फिल्मलाई ‘१९१५ लेजेन्ड अफ गोर्खाज’ नामबाट अमेजन प्राइममा रिलिज गर्न लागिएको लेखक तथा निर्देशक शाहीले जानकारी दिए । उनका अनुसार यसबाट ९० देशमा फिल्म हेर्न सकिनेछ ।




यसअघि अंग्रेजी भाषामा अमेरिका, यूके, अस्ट्रेलिया, दक्षिण कोरिया, तालिबान र जापानमा फिल्मलाई प्रदर्शन गरिसकिएको छ । भिक्टोरियन क्रस प्राप्त गर्ने पहिलो गोर्खा सैनिक कुलवीर थापाको जीवनीमा आधारित भएर निर्माण भएको फिल्ममा गोर्खालीको बहादुरी, त्याग, करुणा र मित्रताको कथा देखाइएको छ । फिल्मको सम्पूर्ण छायांकन बेलायतमा गरिएको हो ।

साई प्रोडक्सनको ब्यानरमा निर्माण भएको फिल्ममा समीर गुरुङ, गौमाया गुरुङ, स्टुअर्ट वाल्कर, एगिस्टिनो ओबरहोफर, ओली बस्सी, रोबिन फ्रिबर्ग, राजन गुरुङ लगायतको अभिनय छ । निर्देशक शाहीको यो पहिलो निर्देशकीय फिचर फिल्म हो । यसपछि उनले ‘अन्तिम संस्कार’ बनाए, जुन अघिल्लो वर्ष रिलिज भएको थियो । अब उनको तेस्रो फिल्म ‘एक्लो’ प्रदर्शनको तयारीमा छ ।

सन् १९१५ सेप्टेम्बर २५ मा ब्रिटिश सेनाहरूले फ्रान्सको लुइसमा ठूलो आक्रमण गरेका थिए । उक्त युद्धमा २६ वर्षीय राइफलम्यान कुलवीर थापा गम्भीर घाइते भए । तर, घाइते भएको भोलिपल्टदेखि उनी घाइतेहरुको उद्धारमा खटिए । यही घटनापछि उनलाई गोर्खाहरूका लागि पहिलोपटक भिक्टोरिया क्रस प्राप्त भयो । फिल्मले उनको यही कथा देखाउँछ ।

# एयरलाइन्स र ट्राभल एजेन्सी कस्दै सरकार,

## टिकटमा २० प्रतिशत बढी नाफा लिन नपाइने

काठमाडौं/मुलुकको उड्डयन क्षेत्रको नियामक निकाय नेपाल नागरिक उड्डयन प्राधिकरणले पछिल्लो पटक एक्कासि बढाइएको हवाई भाडा दरमा आपत्ति जनाउँदै अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूलाई कडा नियमनमा बाँध्ने तयारी गरेको छ ।

अन्तर्राष्ट्रिय हवाई भाडामा ‘ठगी भइरहेको’ भन्दै यात्रुबाट व्यापक गुनासो आएपछि उड्डयन प्राधिकरणले नेपालका र नेपाल आइरहेका विदेशी अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीलाई कडा नियमनमा बाँध्ने नीतिको मस्यौदा तयार गरेको छ । प्राधिकरणले गोप्य रूपमा तयार पारेको उक्त नीतिको मस्यौदा केही पर्यटन व्यवसायीमाझ पुगेको छ ।

‘अन्तर्राष्ट्रिय हवाई भाडा अचाक्ली बढेको विषयमा प्राधिकरणले वायुसेवा कम्पनीहरूलाई कडा नियमनमा बाँध्न तयार पारेको मस्यौदा भेटियो’ एक पर्यटन व्यवसायीले संचारकर्मीसँग भने, ‘एक हिसाबले हवाई टिकटमा लागतको २० प्रतिशतभन्दा बढी नाफा राखे कालोबजारी सरह कारबाही गरिने प्राधिकरणको मस्यौदामा रहेको छ ।’

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले २३ कात्तिकदेखि विभिन्न निर्माणका काम गर्न दैनिक १० घण्टा बन्द हुन थालेपछि अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरूका उडान लगभग आधा जस्तो कटौती भएको छ ।

उडान कटौतीको मौका छोपेर वायुसेवा कम्पनीले स्थानीय ट्राभल एजेन्सीसँग ‘मिलेमतो’ मा हवाई भाडा एक्कासि अचाक्ली बढाएको भन्दै प्राधिकरण कडा रूपमा प्रस्तुत हुन लागेको हो । ‘हामीले वायुसेवा कम्पनीलाई नियमन गर्न सक्छौं तर ट्राभल एजेन्सीलाई नियमन गर्ने कसले हो ? कारबाही गर्ने कानुन पनि छैन । दर्ता गर्ने र खारेज गर्ने बाहेक कानुन नभएपछि समस्या बल्झिएको हो’ प्राधिकरणका एक उच्च अधिकारीले संचारकर्मी सँग भने, ‘वायुसेवा आफैंले भाडा नबढाए पनि तिनका कन्ट्री म्यानेजर र ट्राभल एजेन्सी मिलेर भाडा बढाइदिने गरेको पाइएको छ ।’

त्यही भएर प्राधिकरणले वायुसेवा कम्पनीहरूलाई कडा नियममा बाँध्न लागेको र यसबाट ट्राभल एजेन्सीहरू समेत नियमनमा पर्न सक्ने देखिएको ती अधिकारीको भनाइ छ ।

### २४ घण्टाभित्र हवाई भाडा दर बुझाउन वायुसेवालाई सरकारको निर्देशन

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २४ घण्टाभित्र अन्तर्राष्ट्रिय रुटको हवाई भाडा दर उपलब्ध गराउन वायुसेवा कम्पनीलाई निर्देशन दिएको छ । बुधबार मन्त्रालयमा भएको छलफलमा पर्यटनमन्त्री बद्री पाण्डेले अन्तर्राष्ट्रिय उडान गर्ने वायुसेवा कम्पनीलाई २४ घण्टाभित्र हवाई भाडादर उपलब्ध गराउन निर्देशन दिएका हुन् ।

बुधबार हवाई भाडा वृद्धिबारे सरोकारवाला बीच छलफल भएको छ । वायुसेवा कम्पनीले उच्च भाडा लिइरहँदा यात्रु मर्कामा छन् । एकातर्फ राज्यले कम्पनीहरूलाई सहुलियत दिने र अर्कातर्फ यात्रुले बढी भाडा तिर्नुपर्ने बाध्यताले सहुलियतकै उपहास भएको उनको भनाइ छ ।

‘हामीले नागरिकको सेवाका लागि हवाई कम्पनीलाई सहुलियत दिएका हौं,’ उनले भने, ‘तर, त्यसको उपहास भएको छ, राज्य र नागरिकप्रतिको दायित्वलाई बेवास्ता गरी गैरजिम्मेवारीपन देखाइयो ।’ उनले नागरिकमाथि प्रतिष्ठित व्यापारी र एयरलाइन्सले द्वन्द्वको व्यापार गरेको भन्दै दुःख व्यक्त गरे ।

यसअघि वायुसेवा कम्पनीले नियामक निकायसँगको छलफलमा चर्को भाडा नियन्त्रण गर्न पाँच बुँदे सहमति गरेका थिए । त्यसको कार्यान्वयन नगरेको भन्दै पर्यटनमन्त्री पाण्डेले आक्रोश व्यक्त गरे । हवाई भाडा वृद्धिबारे गुनासो बढेपछि परराष्ट्र, श्रम र पर्यटनमन्त्री बीचको बैठकले समेत हवाई भाडा नियन्त्रणका लागि छलफल गरेको उनले स्मरण गरे । उनले राज्य र नागरिकप्रति जिम्मेवार बन्न एयर लाइन्सलाई आग्रह गरे ।

मन्त्री पाण्डेले स्वदेशी नेपाल वायुसेवा निगम र हिमालय एयरलाइन्सले समेत चर्को भाडा लिएको प्रति सचेत गराए । उनले २४ घण्टाभित्र बिक्री गरेको टिकटको मूल्य बिहीबार ४ बजेभित्र उपलब्ध गराउन निर्देशन दिए । पाण्डेले एयरलाइन्सले हवाई भाडा वृद्धिमा पुनर्विचार नगरे सरकारले कडा कदम चाल्ने चेतावनी दिए ।

मन्त्रालयका सचिव डा. गणेश पाण्डेयले सम्झौता अनुसार एयरलाइन्सले किन अटेर गरेको भन्दै प्रश्न गरे । नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले एयरलाइन्सले हवाईभाडा नियन्त्रण सम्बन्धी पाँच बुँदे सहमति कार्यान्वयन नगरेको बताए ।

(स्रोत: अनलाइनखबर)

# चार महिनामा पौने १३ अर्बको बिजुली भारत निर्यात

काठमाडौं/चालू आर्थिक वर्ष २०८१/८२ को पहिलो चार महिना (साउन–कात्तिक) मा १२ अर्ब ७१ करोड ९४ लाख ५९ हजार रुपैयाँ बराबरको बिजुली भारत निर्यात भएको छ । नेपाल विद्युत् प्राधिकरणले चालु आव पहिलो चौमासिकमा देशभित्र खपत गरी अतिरिक्त वर्षायामको १ अर्ब ६६ करोड ७८ लाख ९२ हजार युनिट विद्युत् भारत निर्यात गरेको हो । चार महिनामा भारततर्फ निर्यात गरिएको बिजुलीको औसत दर प्रतियुनिट ७ रुपैयाँ ६३ पैसा छ ।

प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आईएक्स) को ‘डेअहेड’ तथा ‘रियल टाइम मार्केट’ मा प्रतिस्पर्धी दर र द्विपक्षीय मध्यकालीन विद्युत् बिक्री सम्झौता बमोजिम हरियाणा र बिहार राज्यमा बिक्री गरिरहेको छ ।

भारतको प्रसारण संरचना प्रयोग गरी बंगलादेशमा पनि विद्युत् निर्यात सुरु भइसकेको छ । भारतसँगको विद्युत् व्यापार भारतीय रुपैयाँ (भारु) मा हुने गरेको छ । त्यसैले प्राधिकरणले विद्युत् बिक्री गरी भारु आम्दानी गरिरहेको छ ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले असोजमा आएको बाढी-पहिरोका कारण सञ्चालनमा रहेका जलविद्युत् केन्द्र र प्रसारण लाइनमा क्षति पुगी विद्युत् उत्पादन बन्द हुँदा निर्यात प्रभावित भएको बताए । सञ्चालनमा रहेका जलविद्युत् आयोजनामध्ये सबैभन्दा ठूलो ४ सय ५६ मेगावाटको माथिल्लो तामाकोसी संरचनामा पहिरोले क्षति पुऱ्याउँदा विद्युत् उत्पादन बन्द छ । अन्य साना आयोजनामा पनि क्षति पुग्दा विद्युत् उत्पादन हुन सकेको छैन । काबेली करिडोर प्रसारण लाइनलाई माईखोलामा आएको बाढीले क्षति पुऱ्याउँदा उक्त लाइनमा जोडिएका विभिन्न आयोजनाका करिब २ सय मेगावाट विद्युत् उत्पादन बन्द भएको छ ।

जसका कारण असोज र कात्तिकको विद्युत् निर्यात प्रभावित हुन पुगेको कार्यकारी निर्देशक घिसिङले जानकारी दिए । ‘यसबाट चालु आवमा राखिएको करिब ३० अर्ब रुपैयाँ विद्युत् निर्यात लक्ष्यसमेत प्रभावित हुने देखिएको छ,’ उनले भने । माथिल्लो तामाकोसीको पुनर्निर्माण धमाधम भइरहेको छ भने काबेली करिडोर प्रसारण लाइन पुनर्निर्माण सम्पन्न गरी सञ्चालनमा आइसकेको छ । हिउँद सुरु भएसँगै नदी तथा खोलानालामा पानी बहाब घट्ने भएकाले जलविद्युत् आयोजनाहरूको विद्युत् उत्पादन कम हुनेछ ।

उत्पादनले आन्तरिक मागलाई मात्र धान्ने भएकाले अब विद्युत् निर्यात क्रमशः घट्दै जाने छ । हिउँदका केही महिनामा विद्युत् आयात गर्नुपर्ने छ । साउनमा ४ अर्ब १४ करोड ५० लाख ७७ हजार रुपैयाँको विद्युत् निर्यात गरिएको छ । साउनमा ४९ करोड ५६ लाख ६ हजार युनिट विद्युत् निर्यात गरिएको हो । साउनमा निर्यात गरिएको विद्युतको औसत दर प्रतियुनिट ८ रुपैयाँ ३६ पैसा थियो ।

त्यस्तै भदौमा ३ अर्ब ६७ करोड ८४ लाख ४८ हजार रुपैयाँको विद्युत् निर्यात गरिएको छ । भदौमा निर्यात गरिएको ५५ करोड ९४ लाख ४७ हजार युनिट विद्युतको औसत दर प्रतियुनिट ६ रुपैयाँ ५८ पैसा थियो । असोजमा ३ अर्ब ६ करोड ५१ लाख ३९ हजारको विद्युत् निर्यात गरिएको छ । असोजमा ३७ करोड ९२ लाख ६३ हजार युनिट विद्युत् निर्यात गरिएको हो । यस महिनाको औसत दर प्रतियुनिट ८ रुपैयाँ ०८ पैसा छ । त्यसैगरी कात्तिकमा २३ करोड ३५ लाख ७६ हजार युनिट विद्युत् निर्यात गरिएको छ ।

# ‘सारङ्गी’को सफलता : प्रकाशलाई हर्ष न विस्मात् !

काठमाडौं/फिल्म चल्दा निर्मातालाई त फाइदा हुन्छ नै, कलाकारलाई पनि कामको अभाव हुँदैन । एउटै फिल्मको सफलताले करिअर उचाइँमा पुऱ्याउँछ । तर, केही कलाकारलाई फिल्म जति नै सफल हुँदा पनि ‘हर्ष न विस्मात्’ भनेजस्तै हुन्छ । न कामको चर्चा हुन्छ न सफलताको जस मिल्छ । यतिबेला गायक समेत रहेका अभिनेता प्रकाश सपूतको हकमा यही भइरहेको छ ।

उनको महत्वपूर्ण भूमिका रहेको फिल्म ‘पूर्ण बहादुरको सारङ्गी’ले बक्स अफिसमा एकपछि अर्को कीर्तिमानी बनाइ रहेको छ । व्यापार मात्र करिब ४० करोड पुगिसकेको छ । तर, फिल्मले कीर्तिमानी व्यापार गरिरहेको भए पनि प्रकाश चर्चाविहीन देखिन्छन् । न कामको त्यति सरहाना भएको छ न सफलताको जस मिलिरहेको छ । एउटा कलाकारलाई यो जति दुर्भाग्य अरु के होला र ?

फिल्ममा प्रकाश अभिनेता विजय बरालको छोराको भूमिकामा छन् । उनको अभिनय सन्तोषजनक नै छ । हलमा दर्शकलाई भावुक बनाउन उनको पनि भूमिका छ । तर, चर्चामा भने प्रकाशसहित फिल्मका अन्य सबै कलाकारमाथि विजय बराल पूर्ण रुपमा हाबी देखिएका छन् । मिडियादेखि सामाजिक सञ्जालसम्म जताततै उनकै हाईहाई भइरहेको छ । यो स्वभाविक पनि हो । किनकि, फिल्म नै उनको काँधमा छ । उनी नै मेरुदण्ड हुन् ।

आफू निर्देशित फिल्म ‘वसन्त’भन्दा अगाडि ‘पूर्ण बहादुरको सारङ्गी’ रिलिज हुने भएपछि प्रकाश निर्मातासँग असन्तुष्ट थिए । उनले केही समय त पोस्टर र गीत समेत सेअर गरेनन् । प्रचारमा पनि अन्तिम समयतिर देखिए । फिल्म रिलिजपछि भने उनी हल-हलमा पुगिरहेका छन् । कतिपयले फिल्म चलेपछि जस लिन अगाडि सरेको आरोप लगाएका छन् । यसले गर्दा पनि उनलाई ‘सारङ्गी’को सफलता ‘हर्ष न विस्मात’ जस्तै भएको छ ।

अघिल्लो वर्ष डेब्यु फिल्म ‘परदेशी २’ सुपरहिट सावित हुँदा प्रकाशको चर्चा मात्र चुलिएको थिएन, सफलताको जस पनि मिलेको थियो । तर, ‘सारङ्गी’बाट त्यो दुवै हुन सकेन । यद्यपि, उनी कीर्तिमान रचेको फिल्मको हिस्सा हुन पाएका छन् । र, लगातार दुईवटा फिल्मको सफलता उनलाई मिलेको छ । यसरी हेर्दा उनलाई गायनझैं फिल्म पनि फापेको देखिन्छ । यो सुखद् पक्ष हो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# १६ वर्षदेखि अनवरत् सेवा दिइरहेको हेटौंडा आँखा अस्पताल



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा सामुदायिक आँखा अस्पतालले १६ वर्षदेखि अनवरत् सेवा दिइरहेको छ । लाखौं नागरिकको जीवनमा ज्योति छरिरहेको आँखा अस्पताल १६ वर्ष पूरा गरेर १७ औं वर्षमा लागेको छ ।

५ मंसिर २०६५ मा अष्ट्रेलियन राजदुत ग्राहम लेडले हेटौंडामा सामुदायिक आँखा अस्पतालको उद्घाटन गरेका थिए । नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठानको पहिलो शाखाको रुपमा हेटौंडा सामुदायिक आँखा अस्पताल स्थापना भएको हो । हेटौंडापश्चात भक्तपुर र निजगढमा पनि अस्पताल खोली शाखा स्थापना गरिएको छ । स्थापनाकालदेखि हालसम्म अस्पतालमा ८ लाख ९३ हजार जनाले आँखा जाँच गरिसकेका छन् । ६० हजार मोतिविन्दुका बिरामीको शल्यक्रिया भएको छ ।

विभिन्न क्षेत्रमा नि:शुल्क आँखा शिविर संचालन गरेर २२ हजारको नि:शुल्क शल्यक्रिया गरिएको छ । अस्पतालमा आँखा जाँच, चश्मा जाँच, शल्यक्रिया सेवा, औषधि सेवा प्रदान गरिदै आईरहेको छ । यसका साथै आँखा स्वाथ्य सम्बन्धि जनचेतना प्रदान गर्न बिभिन्न समयमा विद्यालयका शिक्षक, स्वास्थ्य कार्यकता, महिला स्वास्थ्य स्वयम्सेविका, कारखानाका कामदार लगायत बिभिन्न समूहलाई तालिम गोष्ठी आयोजना गर्दै आएको छ ।

अस्पतालमा आई आँखा उपचार सेवा लिन नसकेकाहरुलाई ग्रामीण क्षेत्रमा नै पुगी नि:शुल्क आँखा शिविर पनि आयोजना गर्दै आइरहेको छ । अस्पतालले थाहा नगरपालिका, मनहरी गाउँपालिका र बागमती गाउँपालिकासँग समन्वय गरेर सामुदायिक आँखाकेन्द्र संचालन गरेको छ । त्यसैगरी ईन्द्रसरोवर गाउँपालिका, कैलाश गाउँपालिका र बकैया गाउँपालिकासँगको सहकार्यमा ग्रमीण आँखाकेन्द्र पनि संचालन गरेर त्यस भेगका जनतालाई आँखा स्वास्थ्यसेवा प्रदान गर्दै आईरहेको छ ।

राक्सिराङ, भीमफेदी र मकवानपुरगढी गाउपालिकासँग पनि ग्रामीण आँखा केन्द्र स्थापनकोलागि छलफल भई रहेको छ । आगामी दिनमा नयाँ शल्यक्रिया भवन निर्माण गरी सेवा प्रदान गर्नुका साथै न्यून दृष्टि भएका बालबालिकाको लागि पनि छुट्टै सेवा प्रदान गर्ने योजना रहेको छ ।

# शिक्षक संगठनले बर्तौलालाई बुझायो ध्यानाकर्षणपत्र

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला समिति मकवानपुरले प्रतिनिधि सभा सदस्य तथा नेकपा एमालेका प्रमुखसचेतक महेश बर्तौलालाई ध्यानाकर्षणपत्र बुझाएको छ ।

संगठनका अध्यक्ष श्रीराम दाहालको नेतृत्वको टोलीले बुझाएको ध्यानाकर्षणमा १२ बुँदामा शैक्षिकक्षेत्रको सवालका विषय समेटिएका छन् । ध्यानाकर्षणपत्रमा नेपालको संविधान अनुसारको नि:शुल्क, समावेशी शिक्षाको सुनिश्चितता हुनुपर्ने, नेपाल शिक्षक महासंघले नेपाल सरकारसँग विगतमा पटकपटक गरेका सहमतिको कार्यान्वयन गर्नुपर्ने, सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी, बालविकास शिक्षकको दर बन्दी कायम गरी तह अनुसारको तलबमानको व्यवस्था गर्नुपर्ने, साविक उच्चमावि र राहत शिक्षकको दरबन्दीसहित स्थायी प्रक्रियामा लैजानुपर्ने, गुणस्तरीय शिक्षाको लागि शिक्षामा गुणस्तरीय लगानीको ग्यारेण्टी गर्नुपर्ने, स्थानीय तहमा पेशागत हकअधिकार र शिक्षकको संरक्षण गरिनुपर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी संविधान सम्मत ट्रेड युनियन अधिकारको प्रत्याभूति हुनुपर्ने, निजी र सामुदायिक विद्यालयका निजी प्रकारका शिक्षकको आधारभूत सेवासुविधाको ग्यारेण्टी गरिनुपर्ने, विद्यालय शिक्षालाई तिनै तहका सरकारको साझा दायित्व बनाईनुपर्ने, शिक्षक सेवा आयोगलाई संवैधानिक बनाउनुपर्ने तथा शिक्षक काउन्सिलको व्यवस्था हुनुपर्ने, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले दिएका सुझावहरु अविलम्ब कार्यान्वयन गरिनुपर्ने र शिक्षक सरुवा कार्यविधि तत्काल खारेज गरिनुपर्ने माग रहेको रहेका छन् ।

# हेटौंडा-१२ को उपनिर्वाचनबाट दुईजनाले फिर्ता लिए उम्मेदवारी




साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१२ को वडाध्यक्ष पदका लागि हुने स्थानीय तह उपनिर्वाचनमा उम्मेदवारी दर्ता गराएका दुईजनाले फिर्ता लिएका छन् ।

१६ मंसिरमा हेटौंडा-१२ को वडाध्यक्ष पदमा उम्मेदवारी दिएका १४ जनामध्ये दुईजनाले उम्मेदवारी फिर्ता लिएको मुख्य निर्वाचन अधिकृत अवानी मैनाली भट्टराईले जानकारी दिएकी छन् । उम्मेदवारी फिर्तासंगै अब यो वडाको अध्यक्ष पदमा १२ जनाको उम्मेदवारी कायम भएको छ ।

उम्मेदवारी फिर्ता लिनेहरुमा युनेश लामा स्याङ्तान र कुमार पोखरेल रहेका छन् । उनीहरु दुबै जनाले स्वतन्त्र तर्फबाट उम्मेदवारी दर्ता गराएका थिए । वडाअध्यक्ष पदका लागि नेकपा एमालेबाट राजेश नगरकोटी, नेपाली कांग्रेसबाट अर्जुन तिवारी, नेकपा माओवादी केन्द्रबाट रविकुमार प्रधान, रास्वपाका आशावीर बल, नेकपा (एकीकृत समाजवादी)बाट बलराम बल, नेपाल मजदुर किसान पार्टीबाट फूलमाया तितुङ, जसपा नेपालबाट छविलाल वाइबा र मंगोल नेशनल अर्गनाइजेसनबाट दीपा लामाको उम्मेदवारी दर्ता भएको थियो ।

राप्रपाबाट प्रेमबहादुर भ्लोनसहित ५ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका थिए । स्वतन्त्र उम्मेदवारी दिनेमा छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार, कुमार पोखेल, युनेश लामा सिंन्तान र अर्जुन घलान थिए । १४ जनाको उम्मेदवारी परेकोमा वडाअध्यक्षका लागि तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको बीचमा रोचक त्रिपक्षीय भिडन्त पक्का छ ।

२०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनबाट वडाअध्यक्षमा विजयी माओवादी केन्द्रका ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्त पदमा उपनिर्वाचन हुन लागेको हो । घलान २०७४ मा पनि वडाअध्यक्षमा विजयी भएका थिए । हाल उम्मेदवार बनेका नगर कोटी र तिवारी ३० वैशाख ०७९ मा भएको स्थानीय तह निर्वाचनमा पनि उठेका थिए । जसमा तिवारी दोस्रो र नगरकोटी तेस्रो भएका थिए । कांग्रेसका तिवारीले ०७४ को निर्वाचनमा घलानसँग नै पराजय भोगेका थिए ।

दोस्रोपटक लडिरहेका नगरकोटी र तेस्रोपटक चुनावमा होमिएका तिवारीका लागि यो निर्वाचन जसरी पनि जित्नुपर्नेछ । तिवारी कांग्रेस जिल्ला सदस्य र नगर कोटी एमाले निकट युवा संघको जिल्ला अध्यक्ष हुन् । माओवादीलाई गुमेको वडाअध्यक्ष फिर्ता गर्ने चुनौतीका लागि, एमालेलाई साख जोगाइराख्ने र कांग्रेसलाई पहिलोपटक जितको झण्डा गाड्ने अवसरका रुपमा हेरिएको छ ।

# महिला पत्रकारिता क्षेत्रको विकासबारे अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ हेटौंडामा महिला पत्रकारिता क्षेत्रको विकासको निम्ति सरोकारवालाको क्षमता अभिवृद्धि तथा अन्तरक्रिया भएको छ ।

कार्यक्रम नेपाल सरकार संचार तथा सूचना प्रविधि मन्त्रालयले आयोजना गरेको हो । कार्यक्रममा मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालको प्रमुख आतिथ्यता रहेको थियो । कार्यक्रममा प्रमुखअतिथि चिलुवालले आचार संहिता पालना गरी सत्य-तथ्य समाचार लेखन संचारकर्मीलाई आग्रह गरे । उनले नीति निर्माणतहमा पुग्दा आगामी कार्यक्रम तथा योजना आमजनतासमक्ष समाचारको माध्यममार्फत् पुऱ्याउन पत्रकारको भूमिका महत्वपूर्ण हुने बताए ।

संचार मन्त्रालयका प्रशासन शाखाका प्रवक्ता गजेन्द्रप्रसाद ठाकुरको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशकी उपाध्यक्ष नानीमाया कार्की (सम्झना), महासचिव कृष्ण सारुमगर, पत्रकार महासंघ मक्वानपुरका अध्यक्ष मणिराज गौतम, उपाध्यक्ष धुब अधिकारी, मकवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्याल लगायतको आतिथ्यता रहेको थियो ।

सो क्रममा मन्त्रालयकी उपसचिव एवम् सूचना अधिकारी ममता बास्तोलाले स्वागत मन्तव्य तथा मन्त्रालयको गतिविधिबारे जानकारी दिएकी थिइन् । कार्यक्रममा राष्ट्रिय समाचार समिति (रासस) की मकवानपुर संवाददाता अञ्जली थापाले महिला पत्रकारले क्षमता अभिवृद्धिका लागि गर्न सकिने कार्यहरु, नेपालमा महिला पत्रकारको अहिलेको अवस्था लगायत विषयमा आधारभूत जानकारी दिएकी थिइन् ।

कार्यक्रममा प्रेस काउन्सिलको अनुसन्धान तथा अनुगमन प्रमुख सञ्चिता घिमिरेले श्रमजिवी पत्रकार, पत्रकार महिलाको इतिहास, मिडियामा महिला पत्रकार किन आवश्यक छ?, समग्रता पत्रकारिताका समस्या र चुनौती लगायतको बारेमा प्रस्तुतिकरण गरेकी थिइन् । कार्यक्रममा मकवानपुर जिल्लामा क्रियाशील सञ्चारमाध्यमका पत्रकारको सहभागिता रहेको थियो ।

# पार्टीभित्रै प्रश्न उठेपछि सडकमा जान हच्कियो रास्वपा

काठमाडौं, ४ मंसिर/ सभापति रवि लामिछाने सहकारीको रकम अपचलनको आरोपमा पक्राउ परेपछि सडक प्रदर्शन गर्दै आएको राष्ट्रिय स्वतन्त्र पार्टीले शैली बदल्ने भएको छ । पार्टीभित्रै सडक प्रदर्शनमाथि प्रश्न उठ्न थालेपछि रास्वपाले विरोधको शैली बदल्ने निर्णय गरेको हो ।

मंगलबार र बुधबार बसेको केन्द्रीय समितिको बैठकले दोस्रो चरणको आन्दोलनमा सडक प्रदर्शनलाई प्राथमिक्तामा राखेको छैन । उपनिर्वाचन हुने क्षेत्रहरुमा केन्द्रीय नेताहरु खटाएर मंसिर ८ र ९ मा भेला गरिने रास्वपाले जानकारी गराएको छ । रास्वपाले उम्मेदवारी दिएका स्थानमा केन्द्रीय नेताहरु पुगेर भेला गरिने कार्यवाहक प्रवक्ता मनिष झाले जानकारी गराए । 'हाम्रो राजनीतिक स्ट्याण्ड बताउने, राजनीतिक प्रतिशोधको जानकारी गराउन भेला गर्छौं,' कार्यवाहक प्रवक्ता झाले भने ।

दुई दिनका लागि तय गरिएको विरोधको कार्यक्रम आन्दोलन नभई कार्यकर्ता भेला गरेर आफ्ना मुद्दा जानकारी गराउने प्रकृतिको बनाइएको छ । २ कात्तिकमा सभापति पक्राउ परेपछि १३ कात्तिकसम्म रास्वपा सडक प्रदर्शनमा थियो । ८ कात्तिकसम्म पार्टीको सिंगो शक्ति पोखरामा केन्द्रित गरेको त्यसपछि काठमाडौंमा प्रदर्शन सुरु गरेको थियो । १३ कात्तिकमा बालुवाटारमा विरोध प्रदर्शन स्थगित भएको प्रदर्शनलाई दोस्रो चरणमा सशक्त आन्दोलन गर्ने निर्णय पार्टीले लिएको थियो ।

२ मंसिरमा पत्रकार सम्मेलन गर्दा काठमाडौं केन्द्रित विरोध प्रदर्शन गरिने जानकारी गराइएको थियो । दुई दिनको केन्द्रीय समितिपछि सार्वजनिक गरिएको निर्णयमा सडक केन्द्रित प्रदर्शन नभई कार्यकर्तालाई जानकारी गराउने भेला आयोजना गर्न लागिएको छ ।

रास्वपाभित्र सडक प्रदर्शनको प्रभावकारितालाई लिएर नेता कार्यकर्ताले प्रश्न उठाएका थिए । साथै, सडक प्रदर्शनको औचित्यप्रति जवाफ खोजेका थिए । पार्टी बैठकमा सडक प्रदर्शन गर्न नहुने विचारहरु बढ्न थालेसँगै विरोधका लागि रास्वपाले फरक शैली अपनाएको छ । यसपटकको केन्द्रीय समिति बैठकमा नेताहरुले अलि खुलेर बोल्न लागेको एक केन्द्रीय सदस्यले जानकारी गराए । उनका अनुसार सडक आन्दोलन रास्वपाको चरित्र नभएकाले अंगालेको बाटो गलत भएको तर्क नेताहरुले राखेका थिए ।

रास्वपा स्रोतका अनुसार खुश्बु सरकार श्रेष्ठ, गणेश कार्की, असिम शाह, प्रभात अधिकारी लगायतले आन्दोलनको औचित्यमाथि प्रश्न उठाएका थिए । आन्दोलनका लागि परिस्थिति र समय अनुकूल नरहेको उनीहरुको जिकिर थियो ।

केन्द्रीय सदस्य गणेश कार्कीले अहिलेको आन्दोलनले मिसन-८४ लाई क्षति पुऱ्याउँदै बताउँदै गलत बाटो त्याग्नुपर्ने मत पार्टी बैठकमा राखेका थिए । कार्कीको भनाइ थियो, 'आज सडक आन्दोलन गरेर सभापति रिहा भए । हाम्रो आन्दोलनका कारणले अदालतले छोडेको भन्न सक्छौं ?'

केन्द्रीय सदस्य असिम शाहले काठमाडौंका जनताले रास्वपाको आग्रह अनुसार मत दिएको, तर पार्टी प्रति जनताको भरोसा टुट्दै गएको प्रति चिन्ता व्यक्त गरेका थिए । आन्दोलन गर्न नहुने र २०८४ निर्वाचन अघि सरकार मा नजाने औपचारिक निर्णय पार्टीले लिनुपर्ने विचार राखेका थिए ।

पार्टीभित्र एउटै प्रकृतिको मत नआउनु स्वभाविक रहेको कार्यवाहक प्रवक्ता झा बताउँछन् । 'एजेण्डा राख्दा सबैले टेबल ठोक्ने भनेको त ओलीको पार्टीमा हुन्छ', झाले भने, 'हाम्रोमा तर्क वितर्क राख्छन्, त्यसलाई सकरात्मक रुपमा लिन्छु ।' पार्टी बैठकमा कार्यवाहक महामन्त्री कविन्द्र बुर्लाकोटीले संकटको बेला नेतृत्वलाई साथ दिनुपर्ने तर्क राखेका थिए । संकटको भेलामा नेताहरुले देखाएको भूमिकालाई कार्यसम्पादनसँग जोडिने भएकाले विरोध प्रदर्शनको पक्षमा उनले विचार राखेका थिए ।

आन्दोलन गर्ने/नगर्ने मुद्दामा विवादै नरहेको दाबी बुर्लाकोटीले गरे । 'आन्दोलन गर्नेमा लगभग एकमतै छ । आन्दोलन कसरी गर्ने, कति दिन गर्ने, पार्टीमा ह्विप जारी गर्ने कि नगर्ने छलफल भएको हो', कार्यवाहक महामन्त्री बुर्लाकोटीले संचारकर्मीसँग भने ।

मंगलबारको बैठकमा विरोध प्रदर्शन गर्न नहुने मत नेताहरुले राखेपछि सभापति रवि लामिछानेसँग परामर्श गरेर बुधबार बैठक बस्ने निर्णय गरिएको थियो । उपसभापति अर्यालले पोखरामा हिरासतमा रहेका सभापति लामिछानेलाई भेटेर बुधबार काठमाडौं फर्के । बुधबार बिहान सभापतिलाई भेटेको उपसभापति अर्यालले संचारकर्मीलाई जानकारी गराए । उनले भने, 'सभापतिसँग केही कुरा गर्नु थियो । छलफल गरेर आएको छु । भन्ने कुरा केही छैन ।'

*(स्रोत: अनलाइनखबर)*

# हेटौंडा स्कूल अफ म्यानेजमेन्ट जनकपुर बोल्टसको एजुकेसन पार्टनर

साझाकुरा संवाददाता

हेटौंडा, ४ मंसिर/ नेपाल प्रिमियर लिग (एनपीएल) को टोली जनकपुर बोल्टस र हेटौंडा स्कूल अफ म्यानेजमेन्टबीच शैक्षिक पार्टनरको लागि प्रायोजन सम्झौता भएको छ ।

हेटौंडा-४ स्थित म्यानेजमेन्ट क्याम्पसमा बुधबार जनकपुर बोल्ट्सका महाप्रबन्धक निरज खतिवडा र हेटौंडा स्कुल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरनबहादुर जोशीबीच अफिसियल एजुकेशन पार्टनरको रुपमा प्रायोजनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ ।

जनकपुर बोल्ट्सका खेलाडी अनिल शाह र शुभ कंशाकारको समेत उपस्थितिमा सम्झौतामा हस्ताक्षर गरिएको हो ।

अनिल र शुभ दुबैजना म्यानेजमेन्टका पूर्वविद्यार्थी हुन् ।




म्यानेजमेन्टले अनिल शाहलाई आफ्नो ब्राण्ड एम्बेसडर समेत नियुक्त गरेको छ । म्यानेजमेन्टले शाहलाई एकवर्षका लागि ब्राण्ड एम्बेसडर नियुक्त गरेको हो ।

सम्झौता पछि बोल्दै म्यानेजमेन्टका प्रिन्सिपल जोशीले जनकपुर बोल्टस्मार्फत् एनपिएलमा जोडिन पाउँदा खुशी लागेको बताए । भारतको क्रिकेट लिग आइपीएल जस्तै एनपिएल मार्फत् पनि नेपाली क्रिकेटले नयाँ उचाई प्राप्त गर्नेमा उनको बिश्वास रहेको थियो ।

म्यानेजमेन्टका पूर्वविद्यार्थी समेत रहेका अनिल शाहले आफ्नो व्यावसायिक क्रिकेटको सुरुवात मकवानपुरबाटै सुरु भएको बताउँदै अनुशासनको कारण यहाँसम्मको यात्रा तय गरेको बताए । म्यानेजमेन्ट भन्ने बित्तिकै कडा अनुशासन भन्ने बुझिने उल्लेख गर्दै कडा अनुशासनको सिद्दान्तलाई आफूले क्रिकेटमा लागू गरेकै कारण सफलता मिलेको दाबी गरे । मंसीर १५ गतेदेखि काठमाडौंमा सुरु हुने एनपीएलमा आठ टोलीको सहभागिता रहेको छ ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

**हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)**

सम्पर्क: ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५०२७०५७

## हार्दिक समवेदना

जन्म: १९९४/४/२०



स्वर्गारोहण: २०८१-७-२४

स्व. भगवती बर्तौला

यस गुठीका सदस्य **भगवती बर्तौला**को ८८ वर्षको उमेरमा देहावसान भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दै धर्यधारण गर्ने शक्ति प्रदान गरुन् भन्ने कामना गर्दछौं ।

श्याम सुन्दर बर्तौला (अध्यक्ष) एवम् शम्भु प्रसाद बर्तौला (समहासचिव)

**बर्तौला कुल गुठी राष्ट्रिय समिति परिवार**

## दाईजो प्रथा निरुत्साहित गरौं

- चल, अचल सम्पत्ति, दाईजोको रुपमा माग गर्नुहुँदैन,
- लेनदेनको शर्त राखी विवाह गर्नु/गराउनु हुँदैन,
- विवाह गरी सकेपछि चल, अचल सम्पत्ति वा दाईजो माग गर्नु हुँदैन,
- दाईजो नदिएको कारण यातना दिने वा अमानवीय वा अपमानजन्य व्यबहार गर्नु हुँदैन,

यस्ता कार्य कानूनबमोजिम दण्डनीय छन् । यस्तो गरेको पाइएमा स्थानीय प्रशासनमा खबर गरौं ।

विवाह जस्तो पवित्र बन्धनलाई लेनदेनको विषय नबनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना